# संघीय संसद
# राष्ट्रिय सभा
# चौधौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# ५ जेठ २०८०
# शुक्रवार
# बैठक सङ्ख्या- ४

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

(१३:०३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, विशेष समयमा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु ।

माननीय जगप्रसाद शर्मा । समय १० मिनेट । यसपछि माननीय रामचन्द्र राई ।

(१३:०३ बजे) **माननीय श्री जगप्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- ..... (आवाज नसुनिएको) सुशासनको विषयमा म केही विषयहरू यहाँ उठान गर्न चाहन्छु । नेपालको राजनीतिक आन्दोलनमा लामो समय एउटा सङ्घर्षको लामो चक्र पूरा गरेर, परिवर्तनको एउटा चक्र पूरा गरेर नेपाल एउटा नयाँ ठाउँमा आइपुगेको छ । र यो परिवर्तनका कतिपय विषयहरू अझै पूरा गर्न बाँकी होलान् आफ्नो ठाउँमा अहिलेको मुख्य विषय र जल्दोबल्दो विषय सबै पार्टीहरूको र सिङ्गो देशको साझा मुद्दाको रूपमा अगाडि आएको समृद्धिको सवाल हो । यो

समृद्धिको आधार भनेको सुशासनबाट सुरुआत हुन्छ । किनकि सुशासनविना हामीले प्राप्त गरेको उपलब्धि पनि हामी रक्षा गर्न सक्दैनौं । सुशासनविना थप परिवर्तनका उपलब्धिहरू पनि हामी हासिल गर्न सक्दैनौं र त्योभन्दा अझ महत्त्वपूर्ण कुरा सुशासनविना समृद्धि हासिल गर्न सक्दैनौं । तसर्थ हाम्रो देशको साझा दुश्मन अथवा साझा समस्या सबैको साझा समस्या भनेको कुसंस्कार हो अपारदर्शिता हो र भ्रष्टाचार हो । तसर्थ यो सुशासनको विषयलाई कसरी अगाडि लैजाने यतिखेरको कसरी बुझ्ने कसरी आत्मसाथ गर्ने र कसरी अभिभाराहरूलाई कसरी पूरा गर्ने भन्ने सन्दर्भमा यो एउटा राष्ट्रको सिङ्गै देशको सिङ्गै राष्ट्रको एउटा अहम् सवाल हो भन्ने कुरा मलाई लाग्दछ । तसर्थ हामीले हिज परिवर्तनको चक्र पूरा गरिरहँदा जुन त्याग तपस्या बलिदानको एउटा शृङ्खला पार गरेर जुन एउटा महत्त्वपूर्ण उपलब्धि हासिल गर्यौं । यहाँ आइपुग्दा यो सुशासन जुन एउटा पेचिलो विषय बनेर अहिले यतिखेर आएको छ । यसका पछाडिका केही ३/४ ओटा कारणहरू म यहाँ उल्लेख गर्न चाहन्छु ।

पहिलो कुराः ०४६ सालको परिवर्तनदेखि यहाँसम्म आइपुग्दा विभिन्न समयमा विभिन्न कालखण्डमा परिवर्तनका चक्रहरू जो ढङ्गले पूरा हुँदै यो ठाउँसम्म आइपुगेका छौं । पुरानो प्रवृत्ति अथवा पुरानो वर्ग र एउटा तप्का ०४६ सालको परिवर्तनदेखि त्यसले आफूलाई कुनै कुनै ढङ्गले फेस सेविङ गर्दै अध्यावधि अहिलेसम्म पनि त्यो रहिआएको छ । त्यसकारण नेपालमा सुशासन कायम गर्ने सवालमा एउटा समस्या एउटा जल्दोबल्दो समस्याको रूपमा अथवा एउटा मुख्य समस्याको रूपमा यो रहेको अहिले यतिखेर सर्वत्र अनुभूत गर्न सकिन्छ । किनकि प्रत्येक परिवर्तनको बेला फेस सेविङ गरेर ऊ नयाँ ढङ्गले आउने र उसका आचरण उसको आफ्नो स्वार्थ र उसको त्यो प्रवृत्तिले आफ्नो आचरण, स्वार्थमा रूपान्तरण अथवा परिवर्तन नहुने र अहिले आएर जस्तो सुशासनमा सुशासन कायम गर्नका निम्ति कुनै न कुनै ढङ्गले बाधा र व्यवधान त्यसले खडा गरिराख्ने एउटा समस्याको रूपमा यो देखापरिराखेको अनुभूत अहिले गर्न सकिन्छ एउटा कुरा ।

दोस्रो कुराः हामीले यो परिवर्तनलाई संस्थागत गर्दै गर्दा जुन ढङ्गको जुन भाव स्पिरिटमा र जुन एउटा सम्झौताका रूपमा संविधान निर्माण गर्यौं । त्यो संविधान निर्माण गर्दैगर्दा हामीले एउटा निर्वाचन प्रणाली तय गर्यौं । अहिले थुप्रै विकृति र विसङ्गतिहरू सबै राजनीतिक पार्टीहरूमा यो या त्यो रूपमा म भन्न चाहन्नँ । सबै राजनीतिक पार्टीहरूमा एउटा विकृति र विसङ्गति जो छ । अथवा राजनीतिक पार्टीहरूले ठिक ढङ्गले जनअपेक्षाअनुरूप राष्ट्रको अपेक्षाअनुरूप अहिलेको अभिभारालाई पूरा गर्नका निम्ति ठिक ढङ्गले नेतृत्व गर्न जो सकिराखेका छैनन् । अथवा त्यो सुशासनको नेतृत्व गर्न जो सकिराखेका छैनन् । त्यसका पछाडिको कारण भनेको ती राजनीतिक

दलहरूमा केही न केही विकृति र विसङ्गति छ । यो यसको मुख्य स्रोत अरू धेरै पनि होलान् आफ्ना ठाउँमा यसको मुख्य र प्रमुख स्रोत भनेको निर्वाचन प्रणाली हो । जुन ढङ्गको निर्वाचन प्रणाली हामीले अपनायौं । हामीले जारी गरेको हामीले लिपीबद्ध गरेर अगाडि सारेको संविधान र निर्वाचन प्रणालीको बिचमा ठुलो अन्तरविरोध छ । तसर्थ यो निर्वाचन प्रणालीले एउटा विकृति विसङ्गतिहरू सबै राजनीतिक दलहरू भित्र भित्र्याएको छ । त्यो एउटा बाध्यताजस्तो बन्न पुगेको छ । यसबाट कुनै पनि राजनीतिक दलहरूमाथि उठ्न सकिराखेका छैनन् । तसर्थ अस्ति बोल्दै गर्दा प्रतिपक्ष दलका एक जना जिम्मेवार माननीयले यहाँ उठाउनुभएको थियो । कि यो निर्वाचन प्रणाली अब बदलेर जाऊँ । त्यो वहाँको निजी व्यक्तिगत धारणा हो वा दलको धारणा हो । म सम्बद्ध दल संविधान निर्माण गर्दैगर्दा त्यसमा फरक मत दर्ज गरेर आएको स्थिति हो । तसर्थ यो सुशासनलाई व्यवस्थित ढङ्गले अगाडि बढाउन र सुशासनको महाअभियानको नेतृत्व गरेर अगाडि जानको निम्ति अर्को बाधक भनेको निर्वाचन प्रणाली हो । तसर्थ यो निर्वाचन प्रणालीमा सबैले सबैले साझा रूपमा सिङ्गै राष्ट्रले गम्भीर ढङ्गले सोच्नुपर्छ भन्ने कुरा म राख्न चाहन्छु ।

र अर्को तेस्रो कुरा भनेको तेस्रो कुरा भनेको हामीसँग भएका संविधानले मार्गदर्शन गरेअनुरूपका जुन ढङ्गका नियम कानुन नियमावलीहरू छन् । यी नियमावली एउटा कुरा नियम, ऐन, कानुनहरूजस्तो पछि परिसकेका छन् । यसलाई जो ढङ्गले संविधानको स्पिरिटअनुरूप हामीले छिटो बनाउनुपर्थ्यो त्यो बनाउन पनि सकिराखेका छैनौं । जति बनेका छन् । तिनीहरूको कार्यान्वयन पनि ठिक ढङ्गले हुन सकिराखेका छैन ।

अर्को यो सुशासनलाई कायम गर्ने अथवा सुशासनको अभियानलाई पूरा गर्ने यो उद्देश्यलाई पूरा गर्नका निम्ति अर्को एउटा बाधाका रूपमा बाधकका रूपमा रहेको अर्को समस्या भनेको यो देखा पर्न आउँछ । यो सबैतिर अनुभूत पनि गरिएको विषय हो । जसरी अहिले यतिखेर हामी त यो बर्खे अधिवेशनमा छौं । कि यो अधिवेशन स्वाभावैले एउटा बजेट अधिवेशन हो । यो बजेट अधिवेशनलाई हामीले विधेयक अधिवेशन पनि थोरै विधेयक अधिवेशन पनि हामी बनाउन सक्यौं र केही विधेयकहरूलाई हामीले तदारुकताका साथ अगाडि बढाउन सक्यौं भनेपछि मात्रै यो आवश्यकता अहिलेको आवश्यकता हामीले पूरा गर्न सक्छौं । तसर्थ मैले भन्न खोजेको कुरा यहाँ उठान गर्न खोजेको कुरा कतिपय नियमहरू, कतिपय ऐनहरू, कतिपय नियमावलीहरू र कतिपय संरचनाहरू पनि सुशासनलाई व्यवस्थित गर्ने सुशासनको अभियानमा अगाडि बढाउने सन्दर्भमा बाधाका रूपमा बाधकका रूपमा रहेका छन् यो कुरा पनि म यहाँ उठाउन चाहन्छु ।

अर्को चौथो कुरा भनेको हाम्रो नेपालको सन्दर्भमा जीवन पद्धति र उत्पादन पद्धतिको बिचमा ठुलो अन्तरविरोध छ । अथवा मान्छेका लाइफ स्टाइल र उनीहरूको आम्दानीको स्रोतको बिचमा ठुलो ग्याप छ । यो अर्थमा मान्छेको उत्पादन अथवा उत्पादन पद्धति त्यो ढङ्गले विकास हुन सकिराखेको छैन । मान्छेका आफ्ना आवश्यकताहरू अथवा मान्छेका आफ्नो उसको जीवन स्टाइल जो ढङ्गले बस्न पुगेको छ । आज जे बनेको छ । यो निकै खर्चालु । निकै ठुलो बजेटले मात्र पूरा गर्न सक्ने स्थिति बनेको छ । त्यो यसको जीवन पद्धतिलाई धान्न सक्ने प्रकारको कसैको पनि उसको आम्दानीको स्रोत छैन । अथवा उत्पादन पद्धति त्यो छैन । यसले पनि जस्तो सुशासनलाई कुशासनतिर, अपारदर्शितातिर, भ्रष्टाचारतिर जस्तो केन्द्रित गर्न गरिराखेको छ । यो अर्थमा अर्को एउटा महत्त्वपूर्ण बाधाका रूपमा व्यवधानका रूपमा रहेको अर्को समस्या भनेको नेपाली समाजको उत्पादन पद्धति र मान्छेको जीवन पद्धतिको बिचमा रहेको अन्तरविरोधले पनि यो समस्या खडा गरिराखेको छ र त्यसको साथसाथै हामीले जो ढङ्गको यो राष्ट्रमा बजेट बनाउने गर्छौं । नीति कार्यक्रम ल्याउने गर्छौं । आजै मात्र सरकारले नीति कार्यक्रम ल्याउँदै छ । निकट केही दिनमा बजेट पनि सरकारले प्रस्तुत गर्दै छ । संविधानअनुरूप मैले यहाँ के कुरा राख्न चाहन्छु भने साधारण खर्च र पुँजीगत खर्चको बिचमा ठुलो ग्याप त आफैमा छँदै छ । त्यति मात्रै होइन साधारण खर्च झन्डै ९५ प्रतिशत १०० मा १०० प्रतिशत खर्च हुने स्थिति र पुँजीगत खर्च ५० प्रतिशत पनि बढो मुस्किलले पुग्ने स्थिति त्यो पनि अन्तिम हावर, अन्मित समयमा गएर । त्यो पुग्ने स्थिति हामी देखिराखेका छौं । हामीले यो भोगिराखेका छौं । यो भनेको समृद्धिको निम्ति यो भनेको सुशासनको निम्ति यो भनेको जसरी हामीले व्यवस्था फेर्यौं र जनताको अवस्था फेर्ने एउटा कमिट्मेन्ट हामीले जे गरिराखेका छौं । यो पूरा गर्नका निम्ति अर्को समस्या यो रहेको छ । यो अर्थमा हामीले कि पहिलो कुरा साधारण खर्च र पुँजीगत खर्चको अन्तरविरोध जो छ । ठुलो मतलब असमान्जस्थता जो छ । यसलाई पूरा गर्ने कुरा र अर्को महत्त्वपूर्ण कुरा भनेको यस यहाँ सरकारका मन्त्रीहरू यहाँ उपस्थित हुनुहुन्छ । सम्माननीय अध्यक्षमार्फत वहाँहरूको म ध्यान आकर्षण गराउन चाहन्छु कि अहिले खास गरी कुन नियम कुन नियमावली कुन ऐन हामीले बनाउनुपर्छ यही बजेट अधिवेशनमा म ल्याउन सरकारलाई अनुरोध गर्न चाहन्छु । किनकि हामीले त्यस्तो किसिमको नियमावली नियम बनाएर हामीले आउने भदौ असोजदेखि नै पुँजीगत खर्चलाई खर्च गर्ने स्थिति बनाउन सक्यौं भने हामीले भएको थोरै तिनै छुटिएको पुँजीगत खर्च पनि आउने वैशाख, जेठसम्म हामीले खर्च गर्न सक्छौं र अगाडि बढाउन सक्छौं । यो अर्थमा सरकारको गम्भीर ढङ्गले म त्यहाँ ध्यान आकर्षण गराउन चाहन्छु । जे होस् । यो सुशासनका सन्दर्भमा जुन समस्या अहिले देशमा जो ढङ्गले उठेको छ र यसको हल गर्ने एउटा प्रारम्भिक ढङ्गले जे

एउटा सुरुआत भएको छ । तथापि शङ्काहरू छन्, सन्सयहरू छन्, आशङ्काहरू पैदा भएका छन् । म सरकारलाई यो अनुरोध गर्न चाहन्छु कि यो अहिले उठिराखेको सवाल सकारात्मक छ । स्वागतयोग्य छ र यसलाई कहीं कतै पनि खुट्टा नकमाईकन राष्ट्रका निम्ति, देशका निम्ति दृढतापूर्वक अगाडि बढाउनका निम्ति पनि म हार्दिक अनुरोध गर्न चाहन्छु ।

र अन्तमा मैले के कुरा राख्न चाहन्छु भने जसरी हिजो परिवर्तनको बेला सबै राजनीतिक पार्टीहरूले योगदान गर्नको निम्ति अपिल आह्वान .....(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय रामचन्द्र राई । समय ७ मिनेट । यसपछि माननीय जितेन्द्र नारायण देव ।

**(१३:१४ बजे) <u>माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, हामी सबै अपेक्षा गरेको विषय हामी सप्पैको चाहना, नेपाली जनताको चाहना सुशासन हो । सुशासन कायम गर्न सकियो भने स्वाभाविक हिसावले नेपाली जनताक बिचमा आसा पलाउँछ । यो आसा पलाउनको लागि मुलुकको नेतृत्व गरिरहेको मान्छेको भनाइ र गराइमा एकरूपता हुन आवश्यकता छ ।

मैले हिजो प्रतिनिधि सभाको प्रश्नउत्तर कार्यक्रममा हेर्दै थिए । त्यहाँ एक जना माननीयज्यूले क्यान्टोनमेन्ट भ्रष्टाचारको विषयमा कुरा उठाउँनुभो' त्यति मात्रै उठाउनुभएन । उहाँले त्यो अहिलेको सम्माननीय प्रधानमन्त्रीज्यूले हाम्रा सेना सात आठ हजार त हो नि । हामीले उन्नाइस विस बासइस हजार गरेर कम्तिमा उन्नाइस हजार त प्रमाणीकरण गर्न भ्यायौं नि भनेर भन्नुभएको कुरा पनि उहाँले सोध्नुभएको थियो । र जवाफमा चाहिँ हिसाब ठिकै छ । महालेखाले, लेखा परिक्षणले ठिक सावित गरिसक्या छ । त्यसकारण यहाँ धेरै नकोट्याउँ भनेर जवाफ दिनुभो' बुझाइ, सोधाइ चाहिँ के थियो भने तपाईंले त्यो बेला त्यो भिडियो टेपमा छ सात हजार मात्रै भन्नुभा'को थ्यो नि त्यो चाहिँ के भन्या भन्ने थियो । यसले के देखाउँछभन्दा मुलुकको नेतृत्व गरिरहेको मान्छेले अभिव्यक्त गर्ने भनाइ र गराइमा, भनाइ र व्यवहारमा एकरूपता भएन भने सुशासन कायम हुन सक्दैन । म आस गर्छु । हाम्रो मुलुकको नेतृत्व गर्ने नेतृत्वकर्ताहरूले भनाइ र गराइमा एकरूपता आओस् । कहीं कतै स्पिलट भयो भने त्यसलाई क्षमा माग्दै अगाडि बढ्ने कामको थालनी होस् । म अपेक्षा गर्छु ।

(१३:१६ बजे) <u>पीठासीन</u>:- माननीय उपाध्याय श्री उर्मिला अर्याल ।

<u>माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- मैले थोरै कुरा । अर्को थप कुरा गर्न खोजेको कुरा के हो भने । म अस्ति मेरो उपसमिति अनुगमनमा गएको थियो । त्यो अनुगनमा गएको बेलामा हामीले केही आयोजनाहरू राष्ट्रिय गौरवका केही आयोजनाहरूको काम हेरेका थियौं । मैले केही मान्छेहरूबाट केही जिम्मेवार मान्छेहरूबाट सुनें । पूर्वपश्चिम विद्युतीय रेल तथा मेट्रो आयोजना यो चाहिँ पाँच सय वर्षमा पनि पूरा हुन सक्दैन भन्ने कुरा भनिरहेको सुन्दा म आफै गएर अनुगमन गरेर आएको ठाउँ । यो विद्युतीय रेलको चाहिँ अहिले नै चाहिँ पैतिस सय, पैतिस किलोमिटर रेल चलिरहेको छ । त्यहाँबाट त्यो पैतिस किलोमिटर हुँदा कुर्ता, जनकपुर, जयनगर हो भने त्यसपछि थप कुर्ताबाट भङ्गाहसम्म सत्र किलोमिटरको ट्र्याक ओपन गरिसकेको छ । मन्त्रीज्यू यहीं हुनुहुन्छ । त्यही जिल्लाको । भङ्गाहसम्म भारत सरकारले रेल्वेको सप्पै काम पूरा गरिसकेको छ । भङ्गाहबाट बर्दिवासम्म अर्को अठार किलोमिटर आउँदाखेरि त्यो चाहिँ हाम्रो यो पूर्वपश्चिम रेल मार्गको सुरुवात गर्ने विन्दु । त्यो बिचको खण्डको सुरुवात गर्ने ठाउँसम्म आउँछ । र यो सत्य, बर्दिवासबाट चोचासम्म रौतहटको चोचासम्म करिब करिब त्यहाँ बन्नुपर्ने पुलहरू सबै बनिसकेका छन् । त्यहाँ बिछ्याउनुपर्ने, त्यो उठाउनुपर्ने ठाउँ पनि उठाइसकेको छ । थोरै लगानी गरियो भने र सरकारले साँच्चै मन लगाएर गर्ने हो भने त्यहाँ केही जमिनहरूको मुअब्जा, केही रूख कटानको समस्या, नदीजन्य सामाग्री उपलब्ध हुने हो भने यो साल त्यसको जमिन चाहिँ तयार हुन्छ । अर्थात त्यो अठार किलोमिटर पनि असी प्रतिशत त्यसको मुअब्जा गइसकेको र त्यसमा पनि तयारीको अवस्थामा रहेको हुँदा त्यो सत्तरी किलोमिटर र यो सत्तरी किलोमिटर एक सय चालिस किलोमिटर रेल चल्न सक्छ ।

त्यसै गरी हामीले फास्ट ट्र्याक हेर्यौं । फास्ट ट्र्याक बन्नै सक्दैन भनेर धेरैले भने हो कि भनेर हेर्यौं । फास्ट ट्र्याकको पनि सतासी ओटा पुलमध्ये पैतालिस ओटा पुल ठेक्का लागिसकेको छ । र काम भइसकेको छ । काम भइरहेको छ । त्यसले चाहिँ त्यो के भन्छ । म त्यो तिनीहरूको प्राविधिक कुरा जान्दिन् । तिनीहरूको जग चाहिँ हालेर माथि ल्याइसकेको छ । सुरुङ खनिसकेको छ । र उहाँहरूको भनाइ के छ भने यो आर्थिक वर्ष, आउँदो आर्थिक वर्षभित्रमा हामी यो पुल र सुरुङ कम्प्लिट गर्छौं । बाँकी खाली यो खोकना र बुङ्गमतीको जग्गाको विवाद टुङ्गियो भने फास्ट ट्र्याक पनि बन्न सक्छ ।

मैले यहाँ भन्न खोजेको कुरा के हो भने यदि यी दुइओटा ठुला आयोजनाहरू मात्रै सम्पन्न गरेर नेपाली जनताका बिचमा पस्कने हो भने नेपाली जनताका बिचमा एउटा आसा पलाउँछ ।

विश्वास जाग्रत हुन्छ । र अब विदेश जानुपर्दैन । अब हामी यी पनि बसेर खान सक्छौं हैं । नेपाली ले पनि यी ठुला आयोजनाहरू सम्पन्न गर्न सक्छन हैं भन्ने आम नागरिकमा विश्वास जाग्छ । यस्तो विश्वास जगाउने कार्य र आयोजनाहरूमा नेपाल सरकारको गम्भीर रूपले ध्यान आकर्षित हुनुपर्छ ।

यसै गरी विश्वास जागिरहँदाखेरि सुनकोसी मरिन डाइभर्सनले आज झन्डै छ किलोमिटर सुरुङ कम्प्लिट गरिसक्यो । ड्यामको कन्टर्याक भइसक्यो । ड्याम पनि बन्छ । र यसले एक लाख बाइस हजार हेक्टर जमिन सिँचाइ गर्छ । पाँचओटा जिल्लाको भनिसकेपछि । अहिले पैतालिस हजार हेक्टरमा मात्रै पुग्ने सिँचाइ प्रणाली छ । बाँकी एक लाख बाइस हजार हेक्टर जमिनलाई पुग्ने सिँचाइ प्राणली पनि आजका मितिदेखि सुरु भएर काम गर्ने हो भने त्यो आसा पलाएर नेपालमा बसेका युवाहरूले कृषि क्षेत्रमा कृषि उत्पादन गरीकन हामी नेपालमै बसेर खान सक्छौं हैं भन्ने खालको विश्वात जाग्रत गर्न सक्छ । मैले नेपाल सरकारको यो विषयमा गम्भीर रूपले ध्यान आकर्षित गर्न चाहन्छु । कि कम्तिमा पनि यी आयोजनाहरू नेपालले गर्न सक्छ भन्ने कुरा सन्देश जान्छ । त्यसपछि उसले गरी खानलाई चाहिँ हाम्रो एक लाख बाइस हजार हेक्टर जमिन त्यहाँ मात्रै सिँचाइ अरु पनि सिँचाइहरू भइरहेका छन् । त्यसले पनि काम गर्छ ।

त्यसै गरी हामीले कृषि क्षेत्रको रोजगारीलाई व्यवस्थित नगर्ने हो भने हामी अर्को क्षेत्रको रोजगारी दिन सक्दैनौं । अर्को क्षेत्रको रोजगारी सृजना गर्न सक्ने भनेको पर्यटन क्षेत्र हो । पर्यटन क्षेत्रमा मान्छेले हिमाल हेर्न, पहाड हेर्न, लहरा हेर्न मात्रै आउँदैन । ऊ यहाँ रमाइलो, मनोरञ्जन गर्न पनि आउँछ भनिसकेपछि त्यसका सेवा केन्द्रहरू पनि बनाउन आवश्यक छ । र ती युवाहरूलाई त्यो उसको चाहिँ पर्यटकहरूलाई खुवाउने, पिवाउने, बसाउने, मनोरञ्जन गराउनेसम्मको ठाउँमा सरकारले सफ्ट लोन दिएर त्यसको व्यवस्था गर्यो भने पर्यटन क्षेत्र र कृषि क्षेत्रको रोजगार पनि विकास हुने । र नेपाली नागरिकका छोरा छोरीहरू अहिले यसरी विदेश पलायन भइरहेका छन् । ती नेपालमै बसेर रोजगारी गरेर खान सकिन्छ हैं भनेर विश्वास आर्जन हुने, आसा जाग्ने र नेपाललाई आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न, उत्पादन प्रणालीमा लाग्न सहयोग पुग्ने हुँदा त्यो पटि नेपाल सरकारको ध्यान जाओस् । यो अहिलेको बजेटले पनि त्यसलाई सम्बोधन गरोस् । यो दिशामा लागोस् । यति कुरा राख्दै कुरा टुङ्गाएँ, हवस्, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय जितेन्द्र नारायण देव । समय ८ मिनेट । त्यसपछि माननीय जयन्ती देवी राई ।

(१३:२१ बजे) **माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, ५ दिन मात्रै अगाडि कूटनीतिक समुदायसँगको भेटघाटमा सम्माननीय प्रधानमन्त्रीज्यूले मुलुकमा शून्य सहनशीलता, भ्रष्टाचारसम्बन्धी शून्य सहनशीलताको नीति यो सरकारले लिएको छ भन्ने अभिव्यक्ति दिनुभा' छ, विचार राख्नुभा' छ । त्यो वक्तव्यको म हार्दिक स्वागत गर्दछु, समर्थन गर्दछु र वर्तमान सरकारलाई त्यो बाटोमा खुट्टा कमाईकिन अत्यन्त निडर र निष्पक्ष भएर काम गर्न म अनुरोध गर्न चाहन्छु ।

हाम्रो मुलुकमा भ्रष्टाचार deep-rooted छ, सम्माननीय अध्यक्ष महोदय । संस्थागत छ । र बुझ्नुपर्ने कुरा के हो भन्दाखेरि अहिले मुलुकको पहिलो समस्या कुन हो? मूल समस्या के हो? भनेर कसैले भन्छ भने म सरकारलाई भन्न चाहन्छु कि अहिलेको country को मूल issue भनेको corruption हो । Corruption को सन्दर्भमा सरकारले राम्रो काम गर्न सक्यो, major political forces हरूले राम्रो काम गर्न सक्यो भने अग्रगमनको बाटो सुरक्षित भएर अगाडि जान्छ । र corruption को बाटोमा खुट्टा कमायो, corruption बढ्यो भने प्रतिगमनकारी, रेकर्ड होस् । म यो भन्न चाहन्छु । प्रतिगमनकारीहरू यही issue मा बुइ चढेर प्रतिगमन गर्छ । गणतन्त्र, आदि, आद ठुला कुराको यो सङ्घीयता समावेशी लोकतन्त्र आदि, इत्यादि त्यो हामीलाई consumption हुने कुराहरू हो । People's लाई consumption हुने कुरा अहिलेको सन्दर्भमा भ्रष्टाचार, सुशासन र सेवा प्रवाह हो । त्यसकारण यो यसरी चैं नेपाल सरकारले बुझिँदिन म आग्रह गर्दछु ।

तर यो कुरालाई भनिराख्दाखेरि सम्माननीय अध्यक्ष महोदय, हाम्रो मुलुकमा भ्रष्टाचारको स्रोत एउटा nexus छ । यो मुलुकमा लामो समयदेखि केही corrupt politician हरू, केही corrupt politician हरू, केही corrupt bureaucrat हरू र केही दलाल, बिचौलिया र ठेकेदारहरू, यिनीहरूको एउटा nexus छ यो मुलुकमा । यो nexus नटुटुनजेलसम्म भ्रष्टाचारको विषयमा काम अगाडि बढ्दैन । भ्रष्टाचार निर्मूल हुँदैन, न्यूनीकरण हुँदैन । त्यसकारण यो nexus को nexus को कुरा म उठाउन चाहन्छु । Nexus लाई प्रहार नेपाल सरकारले गर्न सक्नुपर्छ । र nexus छ भन्ने कुरा नेपालको major political forces हरूले यसलाई realize गर्न सक्नुपर्छ, ग्रहण गर्न सक्नुपर्दछ ।

यही सन्दर्भमा अहिलेको नक्कली भुटानी शरणार्थीको प्रकरण । पहिलो कुराः यो प्रकरणमा, यो investigation को प्रकरणमा कोही निर्दोष फस्नुहुन्न । कोही निर्दोष फस्नुहुन्न, कोही दोषी छुट्नुहुन्न । कोहि दोषी हे जोसुकै होस् र दुधको दुध र पानीको पानी हुनुपर्दछ । नम्बर १ । यो अनुसन्धानको प्रक्रियामा राजनीतिक हस्तक्षेप हुनुहुँदैन । अनुसन्धान निष्पक्ष, स्वतन्त्र, कानुन सम्मत ढङ्गले अगाडि बढ्नुपर्दछ । किनभने यो विषय एउटा अन्तर्राष्ट्रिय रूपमा भन्ने हो भने सङ्गठित अपराधसँग जोडिएको विषय, मानव तस्करीसँग जोडिएको विषय र प्रकारान्तरले भन्ने हो भने अत्यन्त गहिरो ढङ्गले विश्लेषण गर्ने हो भने जुन प्रकृति देखिएको छ, यो प्रकरणमा, यो विषयको जुन प्रकृति देखिएको छ, त्यो राज्यविरुद्धको अपराध पनि हो । State को secret document सँग चलखेल गर्नु, राज्यको गोपनियतासँग गोप्य दस्ताबेजलाई तलमाथि गर्नु, यो राज्यकोविरुद्धको अपराध हो । यस्तो गम्भीर, यो सामान्य भ्रष्टाचारको मुद्दा होइन यो । सामान्य भ्रष्टाचारको विषय होइन यो, सम्माननीय अध्यक्ष महोदय । त्यसकारण यो विषयलाई दुधको दध र पानीको पानी हुने गरी नेपाल पुलिस फोर्सलाई investigation गर्न दिनुपर्दछ । यो धारणा मेरो यो प्रकरणमा छ ।

समय कम छ, सम्माननीय अध्यक्ष महोदय, त्यसकारण चारवटा कुराहरू व्याख्या नगरीकिन आगामी दिनमा यो मुलुकबाट भ्रष्टाचारलाई निर्मूल गर्ने हो भने चारवटा कुराहरू कम से कम गर्नुपर्दछ । यो नेपाल सरकारले यो कुरालाई सुनोस् राम्रोसँग र नेपाल सरकारले मात्रै होइन, यो देशको major political forces हरूले, मुख्य रूपमा काँग्रेसले र कम्युनिष्टले, यो दुइटैले सुन्नुपर्दछ । पहिलो कुरा मैले जुन nexus को कुरा गरेँ politician, केही politician, केही bureaucrat र बिचौलिया र केही ठेकेदारहरू । यिनीहरूको जुन nexus छ, त्यो nexus माथि राज्यको investigatory, अनुसन्धानकारी एजेन्सीहरू, जुन एजेन्सीले भ्रष्टाचार न्यूनीकरण र निर्मूल गर्ने जिम्मेवारी लिएको छ, त्यो एजेन्सीजहरूले यो nexus माथि निरन्तर निगरानी गर्नुपर्छ । नम्बर १ ।

नम्बर २ः मैले अस्तिको बैठकमा पनि भनसक्या छु । नम्बर २, कुनै पनि अमुक व्यक्तिलाई, कुनै पनि अमुक व्यक्तिलाई लामो समयसम्म बारम्बार शक्ति केन्द्रमा राख्नुहुँदैन । पावर एक्सरसाइज गर्ने ठाउँमा राख्नुहुँदैन । अन्यथा शक्तिको त्यहाँ केन्द्र बन्छ र त्यसैको चारैतिर सारा बिचौलिया दलालहरू घुमिन्छ, दुई नम्बरीयाहरू घुम्छ र भ्रष्टाचार ....... । त्यसकारण, दोस्रो कुराः कुनै अमुक व्यक्तिलाई लामो समयसम्म बारम्बार reputedly एउटै शक्ति केन्द्रमा राख्नुहुँदैन । यो कुरालाई गहन रूपमा नेपालका टप लेभलको लिडरहरूले यो कुरालाई विचार गर्नुपर्छ । नम्बर २ ।

नम्बर ३: नेपाल प्रहरी, नेपाल पुलिस फोर्स, नेपाल प्रहरी र सबै खालका अपराध अनुसन्धान इकाइलाई राज्यअन्तर्गत रहेका सबै खालका जति हाम्रा अपराध अनुसन्धान इकाइहरू छन् र नेपाल प्रहरी मुख्य रूपमा मलाई गौरव लाग्छ, म धन्यवाद दिन चाहन्छु नेपाल पुलिस फोर्सलाई कि दक्षिण एसियामा मात्रै नभएर पूरै एसियामा नेपाल पुलिस फोर्सले अनुसन्धानको क्रममा एउटा skill कमाएको त्यो credibility पा'को छ । राम्रो नेपाल पुलिस फोर्स हो हाम्रो, जसले investigation राम्रो गर्न सक्छ । त्यो skill छ । यदि राजनीतिक हस्तक्षेप नहुने हो भने, बाह्य हस्तक्षेप नहुने हो भने नेपाल पुलिस फोर्सले त्यो काम गरेको छ, बारम्बार गरेको छ । त्यसकारणले नेपाल पुलिस फोर्स र अनुसन्धान गर्ने इकाइहरूलाई जो राज्यअन्तर्गत छ, त्यसलाई कुनै पनि हिसाबले राजनीतिकरण गर्नुहुन्न । दलीय प्रभावमा राख्नुहुन्न, यो कुरा म भन्न चाहन्छु । यो ५० वर्षको मेरा राजनीतिक अनुभवको आधारमा म भन्दै छु । नेपालले राम्रो गर्ने हो, भ्रष्टाचार निर्मूल गर्ने र न्यूनीकरण गर्ने हो भने नेपाल पुलिस फोर्सलाई दलको छायाबाट अलग राख्नुपर्छ । स्वतन्त्र एउटा संस्थाको रूपमा राख्नुपर्दछ भन्ने तेस्रो कुरा ।

र अन्तिम कुरा, चौथो कुरा भनेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको structure, संरचना र नियुक्तिको प्रक्रियालाई बदल्नुपर्छ । हामीले संवैधानिक परिषद् बनायौं । राम्रो अवधारणा थियो तर implementation को भाष्यमा हामीले के देख्यौं भने त्यहाँ राजनीतिक भागबन्डा भयो । यो राजनीतिक भागबन्डा गर्दाखेरि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको जुन संरचना छ, त्यो पनि politilize हुँदो रहेछ, त्यो दलीयकरण हुँदो रहेछ, नेताहरूको छायाँ त्यहाँ पर्दो रहेछ । राम्रोसँग काम हुँदैन । त्यसकारणले अब समय आइसक्यो, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको नियुक्ति बदल्ने । यो म रेकर्ड गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय जयन्ती देवी राई । समय ५ मिनेट । त्यसपछि माननीय मोहमम्द खालिद ।

**(१३:३० बजे) माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, आज कुनै त्यस्तो दिन छैन, त्यस्तो समय छैन, कि महिला हिंसाको घटना, महिला बलात्कारको घटनाहरू नसुनेका । विहानै उठ्यो । महिलाहरू कै घटना सनसनीपूर्ण आइरहेको छ । सामाजिक सञ्जाल, न्यूज, पत्रिका यत्रतत्र । आज महिलाहरू वर्षदेखि न्याय माग्ने क्रममा कति महिलाहरूको आत्महत्या गरिएको छ । कति महिलाहरू मरिसकेका छन् । कति झुन्डिन बाध्य भएका छन् । कति विष पिउन बाध्य भएका

छन् । कतिको अभिभावकहरू मानसिक रूपमा विछिप्त डिप्रेसनमा जाने अवस्था भइरहेको छ । र यसमा गम्भीर ढङ्गले सरकारको ध्यान गइनरहेको हामीले पाएका छौं ।

र यही सन्दर्भ आफ्नो न्याय माग्दा माग्दै विष सेवन गर्ने जुन अदालतको इजलासमा विष सेवन गर्ने महिला जो सिराहको विनु यादव । उनी अहिले आमरण अन्सनमा बसिरहेकी छिन । उनी भन्छिन । कि सरकार मौन छ । र अदालत, प्रहरी प्रशासन नेताको आडमा मैले न्याय पाइन । र न्याय विकाउ छ । म न्याय किन्न सक्दिन । त्यसकारणले म बाचुन्जेल मेरो शरीरले साथ दिइन्जेल न्याय र स्वातन्त्रको निम्ति लडिरहनेछु । भनेर उनले आमरण अन्सन सबेको आज १० दिन भइसकेको छ । माइती घर मण्डलामा । तर त्यहाँ कुनै सरकारको प्रतिनिधि छैन । उपस्थिति छैन । चासो छैन । आज यस्ता महिलाहरू यो प्रतिनिधि पात्र मात्रै हुन । त्यसकारणले म गम्भीर यस महत्त्वपूर्ण यो हाउसबाट गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु । सरकार र गृह मन्त्रीज्यूको ।

आजभन्दा पाँच वर्ष अगाडिदेखि जो हामीले सुनिसकेका छौं । सिराहको विनु यादव र रामेछाप जिल्लाको चाहिँ प्रदिप कठायत जसले काठमाडौं भेटेर उनीहरूले जुन उनीहरू प्रेम गरें । उनीहरूले विवाह गर्ने सर्तमा शारिरिक सम्बन्ध गरेर चाहिँ उनीहरू एक किसिमको विवाह गर्ने सर्तमा गर्या थिए । तर त्यस पछाडी उनले होटलमा लगेर राखि सकेपछि ऊ आफै गायव भयो । र महिनौं पर्खिदा पनि ऊ नआइसकेपछि उनले उजुरी दियो बलत्कारको विरुद्धमा उनको विरुद्धमा । करणीसम्बन्धीको जाहेरी दिइसकेपछि । पछि, आएपछि उनलाई परिवारहरूले उनलाई यति धेरै दमन गर्‍यो । त्यति मात्रै हैन परिवारले मात्रै दमन होइन कि तत्कालिन उसको मामा पर्ने । तत्कालिन त्यति बेलाको डिएसपी, सुर्खेतको डिएसपी सुरेश कार्की जाहाँ उसले जवर्जस्ती ढङ्गले धम्काएर यदि यो मुद्दा फिर्ता लिइनस् भने तेरो भाइलाई म १० वर्ष जेल लाइदिन्छु । यो अपराधिसम्बन्धी । यो दुर्व्यसनसम्बन्धी भनेर उसले धम्काइ सकेपछि उनको आमालाई जवर्जस्ती लगेर कालिमाटीबाट चाहिँ उनलाई मुद्दा फिर्ता गरायो । त्यसपछाडि विवाह भयो । २०७६ साल मङ्सिर २५ गते विवाह गरियो । किन विवाह गरियो । षड्यन्त्रपूर्वक गरियो त्यो भन्ने चाहिँ उनले चाहिँ त्यो मुद्दालाई त्यो चाहिँ हदम्यादलाई करणीको हदम्यादलाई कटाउनको निम्ति उनले विवाहको नाटक गर्यो । विवाह गरि सकेपछि केही दिन बसि सकेपछि । बार बार उनलाई चाहिँ मानसिक टर्चर दिने कुराहरू सबै परिवारहरूले र उनका ससुरा, काका ससुरादेखि लिएर चाहिँ उनलाई जवर्जस्ती गर्ने करणी गर्नेसम्म त्यस्ता निहित कृष्ट काम गर्नेसम्म उनलाई चाहिँ त्यो प्रयास गरिरह्यो । उनलाई कुट्ने, पिट्नेदेखि धम्काउनेदेखि

लिएर चाहिँ यी सारा कुराहरू चाहिँ उनलाई चाहिँ दिनदैनिक मानसिक टर्चर दिइरह्यो । र अहिले पनि उनले न्याय पाएको छैन ।

त्यसकारणले उनले, उनले राखेको मागहरू म सरसर्ती पढेर यहाँ सुनाउछु जस्ताको जस्तै । २०७५ सालमा म उपर भएको जबर्जस्ती करणीको कालीमाटी प्रहरीलाई दिएको उजुरी जवर्जस्ती फिर्ता गर्ने लगाउने तत्कालिन डिएसपी सुरज कार्कीलगायत अरु संलग्न अनुसन्धान गरी कारबाही गरी पाउँ । र तत्कालिन शिक्षण अस्पतालमा प्रसुति गृहमा गरिएको स्वास्थ्य परिक्षणको आधारमा अनुसन्धान गरी बलात्कारीलाई कारबाही गरी पाउँ । २ नम्बरमा बलात्कारको हदम्याद गराउन म उपर विवाहको षडयन्त्र गरी आफु सजायबाट बच्ने र मलाई वेवारिसे बनाउने मेरो इच्छा विपरीत सम्बन्ध विच्छेद गराउने न्यायाधिश बद्री प्रसाद ओलीलगायतलाई कारबाही गरी पाउँ । मेरो मुद्दा सुरुदेखि अनुसन्धान गरी उचित न्याय दिलाई पाउँ । पटक पटक बलात्कार गर्ने, खोज्ने काका ससुरा, पवन कठायतलगायत जसको कारणले विषसमेत पिउने बाध्य भए म अपराधिहरूले, म अपराधिहरू चाहिँ घुसपेज, पाउरको भरमा चाहिँ पूर्ण सफाइ दिने न्यायाधिशलाई कारबाही गरी पाउँ । भन्ने उनको छ र । विशेष कारण वा अपराधिक क्रियाकलापबाट बच्न सुरूमा बिहे गर्ने अनि आफु बचेपछि सजिलै उन्मुक्ति पाउने । अदालति तानासाही बन्द गर भन्ने उनको माग छ । र यो मागप्रति गृह मन्त्रीज्यूको म गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय मोहम्मद खालिद । समय ५ मिनेट । त्यसपछि माननीय नरपति लुवार ।

(१३:३६ बजे) **<u>माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी, नेपाल)</u>**:- सम्माननीय अध्यक्षज्यू, सिरहा र धनुषालाई जोड्ने कमला नदीको पुल । कमला पुलको शिलान्यास सायद ११ वर्षअगाडि भएको थियो । त्यो पुल युज नगरीकन त्यसको उद्घाटन नभईकन त्यो पुल नै भत्कियो । मैले बारम्बार यो सदनमा आवाज उठाएँ पनि त्यो प्रभावकारी केही पनि कारबाही भएको देखिएन । अहिले हाल देखिँदा ठेकेदारले केही काम गरिरहेको छ । तर त्यो गतिमा यदि त्यही गतिमा काम भैरह्यो भन्ने सायद ४/५ वर्ष अझ लाग्छ होला र सिरहा र धनुषाका लाखौं जनता त्यसबाट प्रभावित हुने अवस्था देखिरहेको छु । त्यसले गर्दा टाइम बाउन्डेसनका साथ समयमा काम नगरेको भए । उचित कारबाहीको हकदार हुने गरी ठेकेदारलाई काम गर्नेलाई चेतावनीसहित यदि हामीले कामअगाडि बढाएन भने सिरहा र सप्तरीका

जनता मर्कामा पर्ने छन् भन्ने सम्माननीय अध्यक्षज्यूबाट म सम्बन्धित निकायको ध्यान आकर्षण गराउन चाहन्छु ।

अर्को कुराः आज यदि तपाईंहरू सिरहा जिल्लाको सदरमुकाम सिरहामा जानुहुन्छ भने त्यहाँ पर्लयको दृश्य हेर्नुहुन्छ । यहाँ पर्लय आएको छ कि । भूकम्प आएको छ कि । के भएको छ राज्यले सिरहाको बजार नै पूरा नष्ट गर्दिएको छ । एउटा पनि पसल पुरानो पसल त्यहाँ छैन । ५० वर्ष, ६० औं, ६/७ दशकको यो बजार अहिले तपाईं हेर्नुहुन्छ भने तपाईंलाई लाग्छ कि पर्लयभन्दा पहिला पर्लय आइसक्या छ । गल्ती कसले गर्यो कसले गरेन । को ठिक को बेठिक । यो बहसमा म जान चाहँदैनँ तर म यो भन्न चाहन्छु । सिरहाका सयौं व्यापारी आज रोजगारविहीन भएका छन् । त्यहाँका हजारौं उपभोक्ता सामान पाउन वहाँलाई गाह्रो भैरहेको छ । पारि जान बाध्य भैरहेका छन् । देशको अर्थतन्त्र फितलो भएको बेलामा आफ्नै बजार उजाड्ने कार्य राज्यबाट भैरहेको छ र त्यहाँको दुःख व्यापारको दुःख र उपभोक्ताको दुःख कसैले अहिलेसम्म हेरेको छैन । त्यसले गर्दा म राज्यसँग के माग गर्न चाहन्छु भने सिरहाको व्यापारीको सिरहा बजारको व्यापारीको र त्यहाँको उपभोक्ताको के पीडा छ कम्तीमा त्यो बुझ्दिन पर्यो भन्ने सम्बन्धित निकायसँग सम्माननीय अध्यक्षजीमार्फत मेरो अनुरोध छ । त्यसरी नै पर्लयको दृश्य ल्याइदिने भत्काइदिने । उचित व्यवस्थापनभन्दा अगाडि नै विस्थापित गरिदिने कार्य गर्नु सायद उचित थिएन भन्ने मेरो आग्रह छ र जाँदा जाँदा (मैले १ मिनेट मागें सम्माननीय अध्यक्षज्यूसँग) हिजो अस्ति ..... कमिटीका अध्यक्षज्यू भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका थियो । शून्य सहिलताका साथ जो कोही भए पनि जो कोही भए पनि वहाँमाथि राज्यले अनुसन्धानकर्ताले कारबाही गर्नु मेरो संघीय संसद मात्रै होइन एउटा नेपालीको हैसियतले मेरो माग रहेको छ । तर यसबाट पर्न गैरहेको जुन समस्या नेपाली हाजीहरूलाई परिरहेको छ । उनीहरूको बास, मक्का र मदिनामा हुने र त्यसको एग्रिमेन्टबारे कुनै पनि कारबाही भएको छैन अहिलेसम्म । टिकटको समस्या समाधान भएको छैन । बिदाका समस्या समाधान भएको छैन । त्यसले गर्दा सम्माननीय अध्यक्षज्यूमार्फत मेरो गृहमन्त्रीसँग मेरो विनम्र अनुरोध के छ भने त्यो समस्यालाई फास्ट ट्र्याकबाट समाधान गर्ने उपायतिर हेर्दिनुहोला । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय नरपति लुवार । समय ५ मिनेट । त्यसपछि माननीय शेखर कुमार सिंह ।

(१३:४२ बजे ) **<u>माननीय श्री नरपति लुवार (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम त म आज बिहान वीर हस्पिटलमा बिरामीलाई भेट्न जाँदै गर्दा बिरामीलाई भेटें, बिरामीलाई भेटिसकेर म यता सदनमा फर्कंदै गर्दा ट्याक्सी ड्राइभरलाई मैले धेरै किसिमले आग्रह गरें, उनले मिटरमा चैं जान मानेन । यो मिटरमा जानको लागि, मिटरमा ट्याक्सी चलाउन सरकारसँग यो मिटरमा चलोस् भन्ने चैं नेपाल सरकारसँग म माग गर्न चाहन्छु ।

साथसाथै कर्णालीको हकमा भन्ने हो भने मैले धेरैपटक यो सदनबाट बोलेको पनि थिएँ, म आज त्यही कुरा अध्यक्षज्यूमार्फत नेपाल सरकार र मन्त्रीज्यूसँग म विनम्र अनुरोध गर्न चाहन्छु । म आफ्नो कथा बेथा सुनाउने छु । कर्णाली अञ्चलको बारेमा भन्ने हो भने भर्खरै हाम्रो प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको मुगु, जुम्ला र सिजामा त्यहाँ जनप्रतिनिधिसँग चैं हाम्रो भेटघाट गर्ने हाम्रो कार्यक्रम थियो । हाम्रा काठमाडौंका बासी, हाम्रो समिति सचिव, उपसचिव, कैलालीको माननीयज्यूलगायत थुप्रै जिल्लाका माननीयज्यू हुनुहुन्थ्यो । कर्णालीको बेथा हेरेर, उहाँले भोगेर आउनुभ'को छ । कि कर्णालीको बाटोको अवस्था त्यस्तो छ, दयनीय, दर्दनाक अवस्थाको बाटो छ ।

म एकैछिन म अर्को पठनतिर लागें । ०४३ सालको पञ्चायती व्यवस्थामा म त्यहाँ प्रधानपञ्च हुँदै गर्दा राजा विरेन्द्रको कालिकोटमा सवारी भ'को थियो । कि कालिकोटका जनप्रनिधिले राजासँग यसो बिन्ती गर्का थिए कि सरकार कालिकोटका जनताको डोको हटाइदिनुपर्यो । कर्णालीको, कर्णालीका जनताको पिठ्युँको डोको हटाइदिनुपर्यो । कर्णालीमा बाटो ल्याइदिनुपर्यो भनेर प्रत्येक जनप्रतिनिधिले भन्दै गर्दा राजा विरेन्द्रबाट के हुकुम भयो भने कालिकोटको भूगोलले बाटो नै मागिरा' छैन । राजाबाट यस्तो किसिमको चैं कुरा आयो । यसमा हेरौं तर पनि पानी जहाज पठाइदिन्छु भन्ने कुरा राजाले बोल्नुभा' थियो ।

साथसाथै ४० सालमा बहुदलको घोषणा भो' । म त्यहाँको प्रधानपञ्च हुँदै गर्दा २० हजार रुपैयाँ बजेट जान्थ्यो । मैले २० हजार रुपैयाँ बजेट विनियोजन गरेको, पञ्चयातमा । ४० सालमा बहुदलको घोषणा भइसकेपछि कमरेड मनमोहन अधिकारीको नेतृत्वको सरकार बनिसकेपछि आफ्नो गाउँ आफै बनाउँ भन्ने नाराका सहित ३ लाख बजेट चैं गा.वि.स. मा ग'को थियो । राजाको पालोमा पनि कर्णालीलाई त्यस्तै सौतेनी व्यवहारले हेरियो । हामी भन्छौं एक्काइसौं शताब्दीका राता मान्छे । के कर्णालीका जनता एक्काइसौं शताब्दीका होइनन्? त्यहाँको बाटोको दयनीय अवस्था के छ दिनुहुँ? जनताको ज्यान गइर'को छ, बाटाकै कारणले गर्दा । माननीयज्यूहरूले भन्नुभो' काठमाडौं ८, टिकापुरका माननीयज्यू, ८ पश्चिमको माननीयले भूगोल त

थियो, राम्रो थियो । ठाउँ राम्रो थियो । के गर्ने विकास छैन । यहाँको बाटोको अवस्था यस्तै छ । तमाम माननीयज्यूले कर्णालीको बारेमा हामी पनि सदनमा गएर बोल्छौं । कर्णाली किन पछाडि परिएको हो? भन्ने अन्य माननीयज्यूले पनि योबारेमा बोलिरहनुभ'को छ ।

यसको साथसाथै म थोरै कर्णालीको चैं कर्णलीको स्वास्थ्य प्रतिष्ठानको बारेमा भन्न चाहन्छु । त्यहाँका ठुला बडाहरू, त्यहाँका मान्छे, अलि हुँदा खाँदा भन्ने मान्छे भन्ने पनि कालिकोटको सुर्खेतसम्म आएर चैं उपचार गर्ने अवस्थामा त्यहाँका दलितहरू, त्यहाँका गरिबहरू ........ अवस्था छैन भने कर्णाली अञ्चलको एउटा मात्रै स्वास्थ्य प्रतिष्ठान जुम्ला, त्यो जुम्लालाई पनि यहाँका सरकारका कर्मचारीहरू त्यहाँ गएर बस्न चाहँदैनन् । त्यहाँ गएको दुई, चार दिन, एक, दुई महिना भित्र उनीहरूलाई सरुवा चाहिन्छ । त्यहाँका जनता बिरामी छैनन्? त्यहाँका दलितहरूले के गर्ने? त्यहाँका गरिबहरूले के गर्ने? सुर्खेतसम्म आउने उनीहरूको चैं व्यवस्थाभन्दा पनि पुँजी छैन । आउँदै गरेको यो जुन ०८०/०८१ को बजेट जाँदै छ । यो नेपाल सरकारले कर्णालीको जनताको पुनः नयाँ अनुहार फेरियोस् । त्यहाँका बाटो काला पत्रे हुन् । त्यहाँका स्वास्थ्य शिक्षा स्रोतहरूका सबै किसिमको चैं उद्दार होस् भनेर नेपाल सरकारलाई म माग गर्दै मेरो छोटो भनाइ अन्त्य गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय शेखर कुमार सिंह । समय ५ मिनेट । त्यसपछि माननीय खिमलाल देवकोटा ।

(१३:४७ बजे) **<u>माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल)</u>**:- सम्माननीय अध्यक्षज्यू, आज हामी बजेट अधिवेशनमा उभ्या छौं । आसा राख्या छौं । आउने बजेट हामी नेपाल र नेपालीको हितमा आउने छ । र नेपालको विकासका सम्पूर्ण क्षेत्रलाई सम्बोधन गरेर आउने छ भनेर म आसा राख्या छु ।

निश्चित रूपमा अब कठिनाइ नै कठिनाइ भए कै बेलामा उभिँदाखेरि त केही त केही त बोल्नै पर्यो । गजेन्द्र नारायण सिंह अञ्चल अस्पताल छ, राजविराजमा । अध्यक्ष महोदय, तर Radiologist ८ महिनादेखि त्यहाँ पुग्या छैन । यसको अब मलाई त बढो आसा लाग्याथ्यो । स्वास्थ्यमन्त्रीज्यू हुनुहुन्थ्यो । तर स्वास्थ्यमन्त्रीज्यू नहुदाँखेरि बरिष्ठ मन्त्रीज्यू, हुनुहुन्छ । उहाँको पालोमा त पठाइ दिनुहुन्छ । हामी अहिले पनि खालि नै छौं ।

हुलाकी सडकको कुरा गर्यो भने त्यस्तै छ । पुल बनाइ सक्यो । दुईतिरको Approach Road बनाएको छैन । बाटो बनाइसक्यो गाउँ झर्ने Approach बना'को छैन । हाम्रो माननीयज्यूले कमला पुलको बारेमा सवविस्तार बताइदिनुभा' छ । त्यसमा मलाई के भनि राख्नुपर्दैन । उहाँले सम्पूर्ण कुरो खोलेरै आउनुभा' छ । साथसाथै सिराह बजार आजको बजार होइन । नेपालको धेरै पुरानतक बजारमध्ये एउटा सिराह पनि पर्थ्यो । त्यो बजारलाई किन त्यो रूपमा अव्यवस्थित पार्यो त्यो बुझ्न सकिरा' छैन । बाटै बनाउनुथ्यो भनी त त्यसको सुव्यवस्था पनि त गर्नुपर्थ्यो नि? बजारका कहाँ लाने, कहाँ राख्ने । त्यो जिम्मेवारी पनि त सरकार कै थियो । त्यहाँबाट सरकार किन बिमुख भयो त? आज सिराह बासीहरू सानो सामानको लागि पारि तान्नेको अवस्था छ । त्यो कसले सृर्जना गराइदियो? त्यसको जिम्मेवारी को? त्यो लिनुपर्‍यो । उहाँहरूले र यसरी कर्म अगाडि चल्छ भने त भएका बजारलाई समाप्त पारिदिने । भएका बाटो पनि सम्पन्न नहुने । हामीकहाँ जान्छौं? हामी त त्यही क्षेत्रका बासी पर्‍यौं । त्यसकारणले सम्माननीय अध्यक्षज्यू, यो हजुरमार्फत सदनमार्फतै रुलिङ होस् । सरकारले यस्ता कुराहरूमा ध्यान जाओस् ।

र हाम्रा पछाडि परेका क्षेत्र शिक्षा क्षेत्र, कृषि क्षेत्र, स्वास्थ्य क्षेत्र, यातायात क्षेत्रहरूमा यसपालिको बजेटको सुव्यवस्था निश्चित रूपमा राम्रो हुन्छ भन्ने हामी आसा राख्या छौं । ती अनुररुपै आओस् । नेपाली जनताले त्यसको अनुभुति गर्न पाओस् । हामी आसा राख्या छौं । त्यो आसामा केही कतैबाट कुठाराघात नहोस् भन्ने हामीले उमिद गर्‍या छौं ।

अहिलेको अवस्थामा फेरि अध्यक्ष महोदय, यो पानी वर्षायामको समय सुरु भइसक्या छ । हामी खोलै खोलाको माझमा परेका जिल्लाबासी पर्‍यौं । त्यहाँ खोलाहरूमा नदी नियन्त्रणको सुव्यवस्था व्यवस्थित किसिमले अहिलेसम्म केही देखिया छैन ।

साथै नेपाल र नेपालीको लागि म भन्दै आएको छु यो रोष्ट्रमबाट एउटै मार्ग छ । पूर्वपश्चिम राजमार्ग जसको नदीजन्य वस्तुको कारणले गर्दा एक मिटरको पनि ग्याप छैन । त्यसलाई पनि सरकारले बेलैमा ध्यान दिएर त्यहाँबाट पनि हामीलाई वञ्चित नहोस् भन्दै आफ्नो दुई शब्द यहीं राखेर अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय खिमलाल देवकोटा । समय ५ मिनेट । त्यसपछि माननीय सोनाम गोल्जेन शेर्पा ।

**(१३:५२ बजे) माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, आज म काठमाडौं सहरलगायत एकाध विषयमा चाहिँ चर्चा गर्छु । काठमाडौं नेपालको राजधानी, नेपालको मुटु करिब दुई हजार वर्ष ईतिहास बोकेको नेपालकै सबभन्दा पुरानो सहर । हिन्दु, बौद्ध, मुस्लिम धर्मावलम्बीहरूको आस्थाको केन्द्रको सहर । विविध खालका चाडपर्व, जातजाती, रीतिरिवाज र चालचलनको सहर । स्वयम्भु, बौद्ध, पशुपतिनाथ, हनुमानढोका क्षेत्रलगायत विश्व सम्पदा सूचीमा अङ्कित अनेकौ सम्पदाहरूको सहर । कला र संस्कृतिको जिवन्त ईतिहास बोकेको संसारकै उत्कृष्ट नेवार समुदायको कला र संस्कृतिको खानीको रूपमा रहेको सहर । मुलुककै अर्थतन्त्रको केन्द्रविन्दुको रूपमा रहेको सहर । नेपाल भित्रिने पर्यटहरूको प्रमुख गन्तव्यस्थलको रूपमा रहेको सहर । तर यो सहरलाई व्यवस्थित गर्न, यसको गरिमा र ओजलाई कायम राख्न सरकारको जुन सहयोग र तत्परता हुनुपर्ने हो । त्यो देखिएको छैन । यसमा सरकार गम्भीर होस् । काठमाडौंलगायत Valley का सहरहरूको व्यस्थितकरणमा विशेष ध्यान देओस् । सरकारका विभिन्न निकाय र तहहरू बिच उचित समन्वय र सहकार्य नहुँदा र कानुनले दिएको भूमिका ईमान्दारिताका साथ निर्वाह नगर्दा अहिले काठमाडौंलगायत Valley का सहरहरू संसारका सबैभन्दा प्रदुषित सहरका रूपमा चित्रित छन् । सुकुम्वासीका नाममा बागमतीसहित अन्य नदीनाला छेउ छाउलगायतका सरकारी जग्गाहरू कब्जा गर्ने हुकुम बासीलगायतहरूको दादागिरीको त चर्चा नै नगरौं ।

अध्यक्ष महोदय, केही हप्तादेखि काठमाडौ सहर संसारकै सबैभन्दा प्रदुषित भयो भन्ने News हरू आइरहेका छन् । वायुको गुणस्तर सुचक ५० भन्दा बढी भयो भने घातक हुन्छ भन्ने विज्ञहरूको धारणा छ । अगिल्लो साता वैशाख २८ मा काठमाडौंको वायुको सुचाङ्क २२२ सम्म पुग्यो । काठमाडैंको वायुको सुचाङ्कले सयौं पटक अतिप्रदुषितको सिमा नाघेको छ । प्रदुषित वायुका कारण छाती, मुटु, फोक्सो, आँखा आदि शरीरका सबै भागमा गम्भीर असर पर्ने विशेषज्ञहरूको धारणा छ । बाटोको धुलो, गाडीको धुँवा, इट्टाभट्टाको धुँवा, उधोग कलकारखाना, होटल, रेष्टुरान्टहरूको धुवालगायतका कारण अत्यधिक वायुप्रदुषण हुन्छ । यसमा थप मलजल जङ्गलहरूमा हुने आगो लागीले पनि गरिरहेको छ । मुलुकका अन्य ठाउँहरूको त कुरै छाडौं । काठमाडौं सहरलगायत Valley का सबै गाउँ सहरका कैयौं । सडकहरू भत्काएर वर्षौंदेखि धुलो, मैलो, खाल्टा खुल्टी पारेर त्यसै छाडिएको छ । ठेकदारले समयमा काम नै गर्दैनन् । धुलाम्ये सडकमा समय समयमा पानी छर्किनुपर्दछ भनेर सम्झौता पत्रमा लेखिनुपर्ने हो । लेखिएता पनि ठेकदारहरूले पानी छर्किंदैनन् । गाडीबाट निस्कने कालो धुँवाको त कुरै नगरौं । सडकमा जति पुराना जस्ता गाडीहरू कुदाए पनि हुन्छ । यी समग्र पक्षहरूको अनुगमन खै? राज्यका

संयन्त्रहरूले काम गर्ने हो भने बढीमा ६ महिनाभित्रमा धेरै सुधार गर्न सकिन्छ । वायु प्रदुषणलाई काबुमा राख्न सकिन्छ ।

अध्यक्ष महोदय, वायुप्रदुषणका कारण हामी सबैले प्रत्यक्ष परोक्ष धेरै कुरामा दुःख पाएका छौं । जस्तो, बाक्लो तुँवालोको कारण समयमा जहाज उड्न नसक्दा तपाईं हामीमध्ये कैयौं जना कैयौं पटक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दिनभरि बसेर फर्केका छौं । जहाज नउड्दाको मर्का यात्रुलाई त हुन्छ नै । तर त्योभन्दा पनि यसको अर्थतन्त्रलगायतमा पर्ने प्रभाव, पिडादायी हुन्छ । तुँवालोका कारण जहाज दुर्घटनाले निम्त्याएको/निम्त्याउने अकल्पनीय क्षतीको त कुरै नगरौं । काठमाडैंको आकाशमा प्राय तुँवालो देखिनु भूगोलको दोष मात्रै होइन । त्योभन्दा पनि बढी दोष यो राज्यको हो । राज्यका निकायहरूको हो । अध्यक्षज्यूमार्फत, (मैले अलिकति थोरै समय माग गरेर अध्यक्षज्यू ।) अध्यक्षज्यूमार्फत मेरा यी निकायहरूप्रति विनम्र अनुरोध छ । काठमाडौं उपत्याकासहित मुलुकको वायु प्रदुषण सुधारमा विशेष ध्यान दिईयोस् ।

अध्यक्ष महोदय, आज सरकारको नीति तथा कार्यक्रम आउँदैछ । केही दिनपछि बजेट पनि आउँछ । यस सम्बन्धमा पछि केही बहस गरौंला । तर म एउटा कुरा त भन्नैपर्ने हुन्छ साना, तिना, टुक्रे, टाक्रे योजनाहरू चाहिँ सरकारले नल्याओस् ।

र जाँदा जाँदै अध्यक्ष महोदय, बर्दिया जिल्लाबाट प्रतिनिधि सभामा निर्वाचित सांसद सन्जय कुमार गौतम र प्रदेश सभा सदस्य भुवनेश्वर चौधरी केही दिनदेखि बबई नदीमा पुल निर्माणको विषयलाई लिएर आमरण अनसन बसिरहनुभएको छ । उहाँहरूको अनसनप्रति मेरो पूर्ण ऐक्यवद्धता छ । ईन्तु परन्तु नगरी जनताका जनप्रतिनिधीको जायज माग सम्बोधनमा सरकारले तुरून्त ध्यान देखाओस् । हवस्त, धन्यवाद । नमस्कार ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सोनाम गेल्जेन शेर्पा । समय ७ मिनेट । त्यसपछि माननीय प्रकाश पन्थ ।

**(१३:५७ बजे) <u>माननीय श्री सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- अध्यक्ष महोदय, म यो सभामा आ'को लगभग १४ महिना भयो । १४ महिनामा मैले के प्रत्याभूति गरें भने । मेरो नाम यहाँ हाजिर फाइलमा म नाममा चाहिँ हाजिर गर्छु मेरो नाम जहिले पनि अशुद्ध मैले नागरिकतामा बुझाकै हो । मेलै लेखाकै हो संसद भवनमा सोनाम ग्याल्जेन शेर्पा भनेर तर आज अध्यक्षज्यूबाट पनि गोल्जेङ कि मैले लेख्न नजानेको हो कि म भोटेको छोरा भएर हिमाली क्षेत्रको मान्छे भएर लेख्न नजानेको हो कि । न वहाँहरूले पढ्न

नआ'को हो कि त्यसतर्फ म सदनको ध्यान आकर्षण गर्न चाहन्छु । एउटा प्रतिनिधि हुँ । एउटा प्रतिनिधि भएर आ'को छु । मैले यहाँ यस्तो खालको हालत छ भने मेरो क्षेत्रको त्यो सम्बन्धमा सोच्ने कस्तो हालत होला । यसले नै प्रतिविम्बित गर्छ जस्तो मलाई लाग्दछ ।

अर्को यो देश भ्रष्टाचार मुक्त बनाउँछु भनेर सबै कसिएको छ । भुटानी शरणार्थीले छाडया छैन । हुँदा हुँदा भ्रष्टाचार कस्तो भयो भने अन्तर्राष्ट्रिय करणी भ्रष्टाचार भो' हिजो त ठेक्कामा खायो । यहाँ उसमा जागिरमा खायो । मालपोतमा खायो भन्ने सुनिन्थ्यो । आज यो भ्रष्टाचार हुँदा हुँदा अन्तर्राष्ट्रिय करण भो' हामी सबैले के बुझ्न जरुरी छ भने प्रतिनिधि सभामा हाम्रा प्रतिनिधिहरू २७५ जना छ । राष्ट्रिय सभामा हामी ५९ जना छौं । हामीसम्म प्रतिबद्ध भएर लागौं न । आफूले आफैलाई हेरौं एकचोटि र हामी यो देशबाट भ्रष्टाचार उन्मुलन गर्छौं भनेर प्रत्येक हामी आफ्नो ठाउँमा उभिने हो भने हाम्रो भ्रष्टाचार लगभग लगभग ६० प्रतिशत भ्रष्टाचार समाप्त हुन्छ तर हामीलाई यहाँ सबैले अर्ति दिन हामीलाई सजिलो छ । सबै भन्छौं अर्ति दिन्छौं भ्रष्टाचारमुक्त हुन पर्छ । हामी त्यो भ्रष्टाचारबाट कति चोखा छौं त एकचोटि आफूलाई चाहिँ फर्केर हेर्न म सबैलाई अनुरोध गर्दछु कम से कम पनि हामी के बोल्छौं त त्यो कुरालाई हामीलाई कस्तो असर पर्छ त भनेर एकचोटि बुझ्न जरुरी छ ।

भ्रष्टाचारका विभिन्न रूपहरू छन् । अब यहाँ ठुल्ठुला भ्रष्टाचारहरू पनि भ'का छन् हाम्रो मान्यता हाम्रो पार्टी मान्यता स्पष्ट छ । सबै भ्रष्टाचारहरूको चाहिँ छानबिन हुनुपर्छ तर एउटा भ्रष्टाचारको मुद्दालाई ल्याउने तर अर्को भ्रष्टाचारको ठुलो मुद्दालाई ल्याएर फेरि त्यसलाई ढाकछोप गर्ने त्यो प्रक्रिया निरुत्साहित गर्नुपर्छ । हामी चाहन्छौं यो भ्रष्टाचारमुक्त होस् भनेर तर भ्रष्टाचारमुक्त संसारमा हुन सकेको छैन । धेरै अध्ययनहरूले के देखा'को छ भने एउटा मैले ५/६ वर्षअगाडि एउटा चीनको अध्ययन सम्बन्धमा पढ्या थिएँ । चीनमा भ्रष्टाचार हुँदो रहेछ चीन त सबभन्दा कडा कानुन भ'को देश तर किन भ्रष्टाचार हुन्छ तर किन भ्रष्टाचार हुन्छ त्यत्रो कडा कानुन भ'को देशमा पनि त मृत्युदण्ड हुने देशमा पनि किन भ्रष्टाचार हुन्छ भन्दाखेरि त्यहाँ भ्रष्टाचार हुनुको एउटा कारण के रहेछ भने घरको गृहिणीहरूले गर्दाखेरि भ्रष्टाचार गराउने गृहिणीको माग आपूर्तिको लागि चाहिँ भ्रष्टाचार गराउने एउटा अध्ययनले देखा'को छ । त्यस्तै हाम्रोमा पनि त्यस्ता खालका प्रवृत्तिहरू देखा'पर्या छ । कहीं भाउजु, कहीं दिदी त्यस्ता खालका प्रवृत्तिहरू देखा पर्दै छ । यो हाम्रो लागि दुर्भाग्य हो । मैले चीनको प्रसङ्गलाई कोटाएर भनें । हामी भ्रष्टाचार यस्ता खालको संरचनामा डेभलप गरिरा'को छौं । मेरो छोरा काठमाडौं युनिभर्सिटीमा पढ्छ । राम्रो पढ्छ । ऊ इन्जिनियरिङ पढ्छ । अहिले डिप्लोमा लगभग लगभग सिध्याएर आइसक्यो । उसको साथी रैछ दुई जनासँगै बस्दो रहेछ । अनि मेरो

छोरालाई त्यो अर्को साथी के भने छ भने हेर साथी तिमी त सोझो शेर्पा हौं । तिमीले घुस खान सक्दैनौं तिमीले लोकसेवा नलड तिमी विदेश जाऊ । म त यही बस्ने हो घुस खाने हो भनेर । हाम्रा युनिभर्सिटीदेखि लिएर अब यस्तो खालको मेन्टालिटी लिएर त्यहाँका विद्यार्थीदेखि लिएर त्सस्तो खालको मेन्टालिटी लिएर अगाडि बढिरा'को हुँदाखेरि हाम्रो भ्रष्टाचार कस्तो खालको भ्रष्टाचार भ'को छ भन्ने कुरा । तपाईं हामी सबैले महसुस गर्ने कुरा हो । भ्रष्टाचार रोक्नका लागि हामी भ्रष्टाचार शून्यमा त जान सक्छौं सक्दैनौं । संसारमा कहीं पनि भ्रष्टाचार शून्य भ'को छैन । तर भ्रष्टाचारलाई हामीले तलभन्दा पनि तल हामी झार्न सक्छौं । सबभन्दा ठुलो कुरा हामीले यो देशमा सिस्टम बनाउन जरुरी छ सिस्टम नभईकन कुनै पनि भ्रष्टाचार हामीले निर्मूल गर्न सक्दैनौं । कसैलाई कारबाही गरेर कसैको पछाडि तीन जना मान्छे लगाएर सुराकी लगाएर हामी भ्रष्टाचार नियन्त्रण गर्न सक्दैनौं ।

अब ठेक्कामा त स्पष्ट रूपमा के छ भन्दाखेरि ठेक्कामा साइन गर्दाखेरि पहिला पैसा लिने कि २ पर्सेन्टदेखि ५ पर्सेन्टसम्म पैसा नदिईकन एकाउन्टेन्ट र त्यो हाकिमले साइन गर्नेवाला छैन । अहिलेको जे पनि सडकमा सडक निर्माण होस् । निर्माण कार्यहरू भैरहेको होस् । त्यहाँ किन ढिला सुस्ती हुन्छ भन्दाखेरि काले काले मिलेर खाऊँ भाले भन्याजस्तो गरेर सबै कुरा मिलेको छ एक अर्कालाई पेल्न सक्ने अवस्था छैन । न त्यहाँ विभागीय मन्त्रीले पेल्न सक्ने अवस्था छ । न सचिवले पेल्न सक्ने अवस्था छ । न त्यो ठेकेदारलाई त्यहाँको कार्यालय प्रमुखले पेल्न सक्ने अवस्था छैन । किनभने पहिले नै पैसा लिइसक्या छ । त्यसकारण हाम्रा विकास निर्माणका योजनाहरू जहिले पनि ढिला भैरा' छ ।

अब यो घुस पनि कस्तो भैरा' छ भने मालपोतमा घुस खायो भने खायो । चिया खाने पैसा अब माथि खायो भने कमिसन भन्छ । यो घुस भन्ने कुरा कहीं देखिँदैन । माथि कमिसन भन्छ तल मालपोत पनि चिया खाने पैसा भन्छ । हुँदा हुँदा मैले पञ्चायतमा सुन्या थिएँ । त्यहाँ त्यसबेला राजाका भाइ विरेन्द्र शाहको चाहिँ जग्गा चावहिलमा पास गर्नुपर्ने थियो रे । बानी हुँदा हुँदाखेरि अनि राजाको दरबारमै जानुपर्यो यसो साइन गर्नुपर्यो भनेर साइन गर्न जाँदा चाहिँ ग'को अनि लास्टमा त्यो साइन गर्ने मान्छेले सरकार चिया खाने पैसा चाहियो भनेर त्यसो भनेर पनि बोलियो रे । त्यस्तो खालको विकास भ'को हाम्रो यो भ्रष्टाचार अहिले संस्थागत भ'को छ । अब बजेट बनाउँदै भ्रष्टाचार हामी त्यस्तो अवस्थामा पुगिसकेपछि । अब हामी यसलाई निर्मूल गर्ने उपायहरू के हो । त्यो अवलम्बन गर्न सरकार जरुरी छ । मन्त्रालयमा गयो भने एउटा फाइल अल्झाउँछ । एउटा कम्पनी खोल्नुपर्यो भने एउटा फाइल अल्झाउँछ । वर्षौं वर्ष अल्झाउँछ । त्यसमा कार्यविधि बन्नुपर्यो । कुनै पनि फाइल यहाँदेखि त्यहाँसम्म पास गराउने हो

भने । हामीलाई यति समय हुनुपर्यो । हुनुपर्यो ४५ दिनमा गर्ने कि ४० दिनमा गर्ने कि पासपोर्ट बनाउने स्टाइलले चाहिँ काम गर्नुपर्यो । जवाफदेहिता हुनुपर्यो । जबसम्म हामी जवाफदेहिता अगाडि बढाउन सक्दैनौं । यो भ्रष्टाचार निर्मूल गर्न सक्दैनौं जबसम्म हामी सिस्टम बनाउन सक्दैनौं । यो भ्रष्टाचार निर्मूल गर्न सक्दैनौं । भ्रष्टाचारमा सबैभन्दा राम्रो कुरा के हो भन्दाखेरि हामी सबै प्रतिबद्ध भएर हामी सबै भ्रष्टाचार निर्मूल गर्छौं भनेर मन तनदेखि लिएर सबै लाग्छौं भन्यो भने यो भ्रष्टाचार निर्मूल हुन्छ भन्दै मेरा कुराहरूलाई यहीं टुङ्ग्याउँछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीयज्यूको नाम बोलाउने सन्दर्भमा गेल्जेन हुनुपर्ने ठाउँमा गोल्जेन हुन गएकोमा क्षमाप्राथी छु ।

माननीय प्रकाश पन्थ । समय ७ मिनेट । त्यसपछि माननीय नारायण प्रसाद दाहाल ।

**(१४:०५ बजे)** **<u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अब यो व्यवस्था बचाउने हो भने सुशासन चाहियो, उपलब्धि बचाउने हो भने पनि सुशासनै चाहियो, संविधान र व्यवस्था बचाउने हो भने पनि यसको अमृत भनेको नै सुशासन हो । मैले संविधान धेरैपटक हेरें । नजिटबाट पनि हेरें, टाढाबाट पनि हेरेको छु । लेख्दै गर्दाखेरि सडकबाट हेरेको हो । लेखिसकेपछाडि अहिले सदनबाट पनि हेरिर'को छु । हेरेको मात्र छैन, संविधानभित्र आफूलाई पनि मैले भेटेको छु । अनि संविधानले नै डोहोर्याएर यहाँसम्म आएको पनि हो । यहाँबाट पनि संविधान हेरिरहेको, सोचिरहेको छु र विचार गरिरहेको छु । जनता र संविधानको आवाज बोल्ने कोसिस पनि गरिरहेको छु ।

संविधानको सुरुमै, प्रारम्भमै धारा १ मै लेखिएको छ कि यो संविधान नेपालको मूल कानुन हो । यो संविधानका पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुने छ । अब यहीनेर छ संविधान लेखेर, जारी गरेर राज्यसत्ताको बाग्डोर सम्हाल्नेहरूले कतिले हेरेका छन्, कतिले यसको कार्यान्वयनमा ध्यान दिएका छन्, कतिले पालना गरेका छन्, कतिले यसको कर्तव्य पूरा गरेका छन्, यसको हिसाब किताब त कहीं न कहीं त छ होला । भविष्यले पनि देखाउला तर अहिले तुरुन्तै वर्तमानमा हामीले हेर्ने हो भने यो संविधानको भर्याङबाट राज्यसत्तामा पुग्ने, सत्ता हाक्ने शासक, प्रशासकहरूतर्फ पनि आक्रोशको नजर छ, असन्तुष्टिको नजर छ, निराशाको नजर छ र फ्रस्टेसनको नजर भने एकदम त्यतैतर्फ सोझिरहेको अवस्था छ । फ्रस्टेसनको खेती गर्नेहरू पनि छन् । निराशाको खेतीपातीमा संलग्नहरूलाई तत्काल केही फाइदा देखिएजस्तो पनि

छ । अन्ततगत्व तर लङ रेन्जमा हेर्ने हो भने मुलुक र जनतामाथि दीर्घकालीन असरहरू रहिरहेकै छ । जनताको विश्वासमाथि कुठाराघात भविष्यमा पनि हुने छ । र मुलुकमाथि धोका भइरहेकै छ । गर्छौं भनेर अगाडि बढ्ने अनि अब भएन भएन बनेर चैं यो पनि भएन, त्यो पनि भएन भनेर माछा मार्नेहरू छन् तर काम गर्नेहरूको चैं अहिले पनि प्रतिबद्धताहरू देखिरहेको छैन ।

संविधानको पालना भनेको कार्यान्वयन गर्ने प्रतिबद्धता हो । जनताको अधिकार सुनिश्चित गर्ने हो र व्यवस्था परिवर्तनसँग अवस्था परिवर्तन गर्दै जाने पनि हो । यही हो संविधानप्रतिको कर्तव्य र जिम्मेवारी । संविधानको इमान्दार पालना र कार्यान्वयन भनेको नै सुशासनयुक्त र भ्रष्टाचारमुक्त मुलुकको लागि समाजवाद उन्मुख यात्राको पहिलो पाइला भनेकै यही हो र सुशासन नै यसको पहिलो सर्त, अनिवार्य सर्त हो । सुशासनबिना विकास सम्भव छैन, विकासबिना समृद्धि पनि सम्भव छैन, समृद्धिबिना सुख सम्भव छैन, सुखबिना खुसी सम्भव छैन । संविधानको मुटुमा विकास र सुशासन धड्किरहेको छ । हामी सबैले छाम्यो भने, सुन्यो भने, जसरी हेर्यो भने पनि त्यो हामी त्यहाँ देख्न, सुन्न, था' पाउन हामी सक्छौं । अहिलेको क्राइसेस र कमजोरी भनेको संविधान पालनामा हो । संविधानको इमान्दार कार्यान्वयन नै अहिलेको चैं क्राइसेसको अवस्थाहरू हो ।

अध्यक्ष महोदय, मैले कहिलेकाहीँ संविधानसँग आफैले अन्तरङ्ग कुराकानी पनि गर्छु । मैले संविधानलाई सोधेँ, के हो सुशासन भनेर? सुशासन कहाँ भेटिन्छ? भनेर पनि मैले सोधेँ । अनि उसले भन्यो संविधानको मर्म र धड्कन सुशासन हो । सार्वजनिक सेवाको प्रभावकारिता र वितरण पनि सुशासन हो । मानव अधिकारको संरक्षण र सामाजिक न्यायको प्रवर्दनमा सुशासन भेटिन्छ हरे । दिगो विकासको सुनिश्चिततामा पनि सुशासन भेटिन्छ । अनि फेरि मेरो जिज्ञासा थियो, संविधानलाई । सुशासनको स्वरूप कस्तो हुन्छ? त यो कसरी काम गर्छ यसले? अनि संविधानले निर्धक्क र कन्फिडेन्टसाथमा मलाई जवाफ दियो कि, पारदर्शिता र जवाफदेहिता सुशासनको स्वरूप हो । सबै वर्ग वा क्षेत्र, लिङ्ग, सबै तह र निकायमा हुने अर्थपूर्ण सहभागिता नै सुशासनको स्वरूप हो । कानुनी शासन र उत्तरदायित्वलगायत सुशासनका धेरै स्वरूपहरू हुन्छन् । सामाजिक र आर्थिक विकास प्रवर्दन गर्न मदत गर्छ । नागरिकको जीवनस्तर सुधार ल्याउन सुशासनले सहयोग गर्छ । मानव अधिकारको सम्मान र संरक्षण सुनश्चित गर्न पनि सुशासले काम गर्छ । सुशासनले नागरिक र सरकारी निकायहरूबिचको विश्वास निर्माण गर्छ । स्थायित्व र शान्ति प्रवर्दनको लागि पनि यसले योगदान पुर्याउँछ । जवाफदेहिता र पारदर्शिताको संस्कृतिलाई बढावा दिन पनि सुशासनले योगदान पुर्याउँछ । मेरो थप जिज्ञासा थियो । सुशासन

चैं शासक र प्रशासकहरूबाट खतरा हुन्छ कि हुन्न? यसलाई के छ? भनेर मैले सोधें । अनि संविधानले त्रासवादीपूर्ण तरिकाले र बडो मलिन स्वरमा जवाफ दियो । सुशासन कुनै पनि तह र निकायका राज्यसत्ता सञ्चालन गर्ने द्रुत र भ्रष्ट शासक, प्रशासकहरूको विवेकम बन्धक हुने गरेको छ । अपहरणमा परेको छ र यसको हत्या पनि हुने गरेको छ । मुलुकको सुशासन कस्तो हुने भन्ने कुरा शासक, प्रशासकको विवेकमा, आचरणमा, नियतमा र प्रवृत्तिमा निर्भर भएको छ भन्ने कुरा संविधानले विस्तारी मलाई भनेको थियो ।

अध्यक्ष महोदय, सुशासन नेपालको संविधानको प्रस्तावनामा नै प्रयोगतः शब्द हो । सुरुमै सुशासन लेख्या छ । यसको सुरुमै यसको चैं यसलाई हामीले अवलम्बन गर्या छ । जसलाई कानुको शासन पनि भनिन्छ । र यो आधुनिक लोकतन्त्रको आधारको सिद्धान्त पनि हो । कानुन शासनले निष्पक्ष र पारदर्शी जवाफदेहितालाई बढवा दिनुपर्दछ भने भ्रष्टाचार र शक्तिको दुरुपयोगलाई रोक्नको लागि पनि यसले मद्दत गर्दछ । तर सार्वजनिक सेवा प्रवाह प्रभावकारी भए, नभएको, सार्वजनिक खर्च मित्व्ययी भए, नभएको, नीति र कार्यक्रम प्रभावकारी भए, नभएको, सेवा र खर्चहरू चैं औचित्यपूर्ण भए, नभएको तर्फ नियमनकारी निकायहरूको ध्यानमा पुगेकै छैन । त्यहाँ निमनकारी निकायहरूको ध्यान, दृष्टि त्यहाँ छैन । सुशासन यतैतिर बन्धक भ'को छ । सुशासन यतैतिर अपहरण पर्ने गरेको चैं छ ।

अन्त्यमा अध्यक्ष महोदय, समृद्धिको पहिलो सर्त सुशासन हो । सुशासनबेगर समृद्धि आउनेवालै छैन । अबको एजेन्डा सुशासन प्रवर्दन र भ्रष्टाचारविरुद्धको लडाइ हो । अब कसैलाई पनि गल्ती गर्ने छुट पनि छैन । राज्यका दर्जनौं नियमनकारी निकायहरू, जहाँबाट सुशासन प्रवर्दन हुनुपर्ने हो, जति हुनुपर्ने हो, त्यति हुन सकिरहेको छैन । सुशासनप्रतिको प्रतिबद्धता र व्यवहार नेतृत्वबाटै माथिदेखि नै तलसम्म अभियानकै रूपमा यो सुरु हुन आवश्यक छ । सुशासनको प्रभाव तलसम्म, जहाँ सेवाग्राहीको भिड हुने गर्छ, जहाँ नागरिकहरूले सास्ती पाइरहेका छन्, जहाँ व्यवस्था परिवर्तनको अनुभूति हुन सकिरहेको छैन, त्यहाँ सम्म चैं यसको प्रभाव हुनुपर्छ । सुशासनयुक्त र भ्रष्टाचारमुक्त शासन, प्रशासन भए मात्र हो समृद्धि सम्भव छ । संविधानको सफल कार्यान्वयनका लागि संविधान निर्माण र जारी गर्ने शक्तिहरू फेरि पनि एकै ठाउँमा उभिनुको विकल्प छैन । सुशासन, दिगो शान्ति र दिगो विकासको आधार स्तम्भ हो । दिगो शान्ति र दिगो विकास समृद्ध नेपाली र समुन्नत नेपालको मेरुदण्ड हो । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय नारायण प्रसाद दाहाल । समय १२ मिनेट । त्यसपछि माननीय गोपाल भट्टराई ।

**(१४:१२ बजे) मानननीय श्री नारायण प्रसाद दाहाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, माननीय मन्त्री, माननीय सदस्यहरू, सचिवालयका सचिवलगायत कर्मचारी, सुरक्षा निकाय र सबै पत्रकार साथिहरू । अहिले बहुचर्चित तर छलफल गर्न पनि अफ्ठ्यारो, छलफल नगरी नहुने, सिङ्गो देशलाई तरङ्गित गराउने सम्पूर्ण जनताको चासो र चिन्ताको विषय भएको नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने प्रकरणले विशेष चर्चा पाएको छ । यो प्रकरण भ्रष्टाचार मात्र नभइ देशद्रोही, मानव बेचविखन प्रकृतिको अपराध हुन गएको छ ।

यस प्रकारको अपराधिक कुराले सिङ्गो देशको राजनीतिक क्षेत्र, न्यायिक क्षेत्र, प्रशासनिक क्षेत्र, सुरक्षा निकाय क्षेत्र, अन्तर्राष्ट्रिय तथा कूटनीतिक क्षेत्र तरङ्गित मात्रै होइन सबैलाई नयाँ चुनौती थपिएको अनुभूति भएको छ । विभिन्न समयमा सरकारको नेतृत्वमा रहने, नेतृत्वमा नै रहेका, सरकारमा नै रहेका नेताहरू, प्रशासनिक निकायको संवेदनशिल ठाउँको नेतृत्व गरेका उच्च ओहदाका कर्मचारी, विशिष्ट व्यक्तिहरू नै यस अपराधको यसप्रकार जघन्य अपराधमा संलग्न रहेको भन्ने कुराले सिङ्गो देश नै स्तब्ध जस्तो भएको छ ।

एकातिर देश जटिल र अप्ठ्यारो आर्थिक अवस्थामा छ । राजनीतिक अवस्थाले अझै सापेक्षित स्थिरता पैदा नभएको अवस्था छ । भर्खर गठबन्धनबाट बनेको सरकारले देशमा कामको लय समाउन प्रयत्न गरेको र केही सुधारका उपलब्धहरू भइरहेको अवस्थामा यस प्रकारको जघन्य अपराधिक घटनाले सरकारका कामको स्पिडमा केही अफ्ठ्यारो अवश्य पारेको छ । र केही समय पार्न सक्ने पनि देखिन्छ ।

सम्माननीय अध्यक्षज्यू, सम्माननीय प्रधानमन्त्री, गृहमन्त्री तथा नेपाल सरकार मातहतका निकायहरू, सुरक्षा निकाय, न्याय क्षेत्र, राजनीतिक तथा प्रशासनिक क्षेत्रले दृढताका साथ कामलाई अगाडि बढाएको पाइएको छ । यस अर्थमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड", गृह मन्त्रीलगायत नेपाल सरकार, सुरक्षा निकायलगायत सरोकारवाला सबै धन्यवादका पात्र हुनुभएको छ ।

भ्रष्टाचारमा शून्य सहनशिलताको जुन सरकारको लक्ष्य छ । यसमा सफलता मिलोस् भन्ने शुभकामना नि व्यक्त गर्न चाहान्छु । देश हाक्ने उच्च ओहदामा रहेर विश्वमा नै नेपाल र नेपालीको शिर निउराउनुपर्ने गरी गरिएको यस प्रकारको अपराधिक घटनालाई कुनै पनि आग्रह, पूर्वाग्रह नराखी कानुनको दायरामा ल्याउने, ल्याउन यस प्रसङ्गमा केही पनि दोषी नछुटोस् र निर्दोषस् कोही पनि नपरोस् भन्ने कुरामा सरकारलगायत सबै प्रष्ट हुनुपर्छ । यसमा सरकार सचेत छ भन्ने कुरा देखिन्छ । अझ सचेत हुन पनि माग गर्दछु ।

यस्ता अपराधिक घटना जुनसुकै हुन । घटनामा संलग्न जो सुकै होस् । त्यसका विरुद्ध लड्न सरकार सम्बन्धित सरकारी निकाय सबै राजनीतिक दल, नागरिक समाजलगायत सबै तह र तप्का एकढिक्का भएर मात्र समस्या समाधान गर्न र साझा निष्कर्षमा जान सकिन्छ । देशलाई नै अन्तर्राष्ट्रिय बदनाम गर्ने यस प्रकारका घटनाहरूलाई के सत्तापक्ष, के प्रतिपक्ष एकै ठाउँमा उभिएर समस्याका विरुद्ध जुध्न र देशको छवि सुधार्न अगाडि बढ्नुपर्ने हुन्छ ।

सम्माननीय अध्यक्षज्यू, हाम्रो देशको विडम्बना नै भन्नुपर्छ । यस्तो किसिमको परिस्थितिमा सरकारका कदमहरूलाई निशर्तका साथ निशर्त साथ दिनुपर्नेमा कतिपय प्रसङ्ग नमिल्ने । समय परिस्थितिअनुसार मिलि सकेका र विशुद्ध आग्रह र पूर्वाग्रहको कोणबाट लट्टे खुदोको रूपमा भन्ने एउटा उखान छ नेपाली । त्यो रूपमा कुरा उठाएर । विषयान्तर गरेर मुख्य समस्याबाट ध्यान अन्यत्र मोड्ने प्रयत्न पनि गरेको पाइन्छ ।

सरकार कुनै पनि मूल्यमा नक्कली शरणार्थी बनाएर नेपालीलाई ठग्ने । देशलाई नै बदनाम गर्ने प्रकरणबाट पछि नहट्ने भनेर काममा दृढताका साथ बढेको बेलामा । वर्षौं पहिले नै सरकारी र राजनीतिक रूपमा समाधान भइसकेका विषय उठाएर सिङ्गो सदन र समाज, सञ्चार क्षेत्रलाई भ्रम पार्ने, भ्रम सृर्जना गर्ने गरी विषय उठाउनु विडम्बना नै मान्नुपर्छ । जसले गर्दा मुल विषयलाई नै ओजेल पार्ने, मुद्दा कमजोर पार्ने र सही कुरा उठाएर सरकारविरुद्ध कमजोर पार्ने र त्यही कुरा उठाएर सरकारविरुद्ध भ्रम सृजना हुने सम्भावना पनि उत्तिकै देखिन्छ । प्रकारान्तरमा परिणाम मुख्य मुद्दा र मुख्य अभियुक्तले उन्मुक्ति पाउने र जनताले आशंका र शंकाले हेरेका कुरा सत्य हुन सक्ने खतरा पनि त्यत्तिकै छ ।

मैले यहाँ कहाँ निर जोड्न खोजेको भनें । जस्तो मैले हिजो मात्रै सुने प्रतिनिधि सभामा केही माननीयज्यूहरूले Question गर्नुभो' जो सम्माननीय प्रधानमन्त्रीज्यूले जवाफ पनि दिनुभो' । ती Question हरू जो हिजो उहाँहरूलाई थाहा थिएन होला सायद । त्यो बेला कुन ठाउँमा के गर्दै हुनुहुन्थ्यो । त्यो Question उठाउने माननीयज्यूहरू । ती उठेका Question को सन्दर्भमा हिजो नै राजनीतिक रूपमा र त्यो बेलाको चाहिँ अर्थ हेर्ने सम्बन्धित सरकारको बेलामा नै ती सबै चाहिँ फछ्र्यौट भइसकेका विषय हुन । अझै पनि त्यस्तो कतै त्यस्तो छ भने हामी चाहिँ छलफल गर्न त्यसलाई चाहिँ निष्कर्षमा पुऱ्याउन छौं भनेर म जेल जान पनि तयार छु भनेका कुराहरूलाई मलाई अचम्म कहाँनिर लाग्यो भने । हिजो सम्माननीय प्रधानमन्त्रीज्युले त्यहाँ कतिपय योजना, कार्यक्रम, नेपालका समस्याहरू, अर्थ सम्बन्ध सम्बन्धी विषयहरू धेरै विषय भए । तर केही सामाजिक सञ्जालहरूले मात्र एउटा कुरा म दोषि भए पनि जेल जान तयार छु । म दोषि भए पनि जेल जान तयार छु भन्ने कुरा मात्रै सामाजिक सञ्जालमा आए । यसलाई

के भन्ने? विडम्बना हो कि? यो ढङ्गको जो एक पटक त्यो चिज निधो भइसकेको छलफल । म संविधान सभाको सदस्य हुँदा, म लेखा समितिको सदस्य हुँदा त्यो बेलामै त्यो विषय उठेर एक ढङ्गले टुङ्गिसकेको विषय हो । कतै कतै कुनै कारणले केही बाँकी रहको छ भने छलफल गर्न र त्यसलाई चाहिँ म ऊ गर्न तयार छु भनेर सम्माननीय प्रधानमन्त्रीले भन्दाभन्दै पनि विषयान्तर नै हुने गरेर मुल विषय एकातिर छ । अहिलेको जटिलता यो छ । आज कोसँग भरेसम्म । भोलि विहान कुनै चाहिँ नेता र कुन चाहिँ मान्छै पक्डिने हो भन्ने टुङ्गो छैन । तर टुङ्गिसकेको विषयलाई मुख्य विषय बनाएर छलफल गर्ने कुरा भनेको यो विषयान्तर गरेर यहाँ यसलाई डाइभर्ट गर्न खोजिएको भन्ने शंका पनि लाग्न थालेको छ । यो खालको उसमा चाहिँ हामी सबै सचेत हुन जरुरत् छ भन्ने मलाई लाग्छ ।

सम्माननीय अध्यक्षज्यू, म त के भन्छु भने अहिलेको यो अत्यन्तै पेचिलो र हामी सबैलाई मर्माहित पारेको विषयमा कुनै आग्रह पूर्वाग्रह नराखि यो नक्कली शरणार्थीको प्रकरणलाई टुङ्ग्याउन त्यसपछि यस विषय टुङ्ग्याँउ । यी विषय पहिला यो जो अन्तर्राट्रियकरण नै बनि सक्यो । सबै नेपालीको सिर यसलाई टुङ्ग्याउ । जो अगाडि बढेको छ । यसपछि के के गर्नुपर्ने त्यो पनि हामी गरौंला । त्यसको लागि हैन । अहिले एउटा विषय आइरहेको छ अगाडि । त्यसलाई विषयान्तर गर्न त्यो विषयहरूलाई धेरै उछाल्ने काम नगरौं भन्ने पनि हो मेरो । बरू त्यसको लागि छानविन गर्नुपर्ने के के गर्नु पर्ने गर्दै जाउ आन्तरिक ढङ्गले । ठिकै छ । त्यो पनि गर्दै नगर्ने भन्या हैन ।

हिजो मात्रै प्रतिनिधि सभामा सम्माननीय प्रधानमन्त्रीले माननीय सदस्यहरूको प्रश्नको जवाफ दिने क्रममा अभिव्यक्त गरेका धारणाहरू र प्रतिबद्धताहरू विषयहरूले सिङ्गो नेपाली समाज र अन्तर्राष्ट्रिय स्तरमा एउटा आसा र विश्वास र भरोसा पैदा गरेको कुरा सहजै अनुमान गर्न सकिन्छ । तर पनि केही सामाजिक सञ्जाल र प्रचार सामाग्रीमार्फत ध्यान अन्यत्रै मोड्न खोजेको पनि पाइयो । भन्ने कुरा । र मुख्य मैले अगि नै भने । त्यो भनेको एउटा म जेल तयार छु भन्ने कुरा मात्रै हाइलाइट गरियो हिजो । हिजोको त्यो सिङ्गो प्रतिनिधि सभाको प्रसङ्गमा भनेर भन्न खोजेको ।

अहिले देश, अहिले दशैंकौदेखि संघर्ष गरेर ल्याएका राजनीतिक उपलब्धीमाथि हामीले ध्यान दिन नसकेको आर्थिक पारदर्शिकता उत्पादन मुलक आत्मनिर्भर अर्थतन्त्रको अभावका कारण नै कारणले नै सिङ्गो सिस्टममाथि नै धावा बोल्ने कुचेष्ठा गरिँदैछ । विश्व अर्थतन्त्रमा नै देखिएको आर्थिक मन्दीको सङ्कटबाट नै हाम्रो देशमा देखा परेको आर्थिक समस्यालाई आधार मानेर सिङ्गो राजनीतिक सिस्टम पद्धतिमाथि भ्रम सिर्जना गरी हमला गरिएको छ । यस

प्रवृत्तिबाट देशलाई बचाउन हामी सबै गणतन्त्रवादी, वृहत्त शान्ति सम्झौताका हस्तक्षरकर्ताले सत्ता वा प्रतिपक्ष नभनी एकै ठाउँमा उभिएर यस्ता गलत संविधान विरोधी प्रवृत्तिको प्रतिवाद गर्न पनि उत्तिकै जरुरी ठानेको छु ।

सम्माननीय अध्यक्ष महोदय, अहिलेको देशको आर्थिक तरलताका कारण देखाएर विभिन्न अड्कलवाजी लगाइएका अभिव्यक्तिहरू आइरहेको यस सन्दर्भमा वर्तमान सरकार निकै संवेदनशील भएर अगाडि बढेको अनुभूति पनि हुन्छ । यही वैशाख २४ गते माननीय अर्थमन्त्रीले दुवै सदनमा प्रस्तुत गर्नुभएको विनियोजित विधेयक, २०८० का सिद्धान्त र प्राथमिकतामा प्रस्तुत विषय र उठेका विषयमाथि जवाफ दिने क्रममा व्यक्त प्रतिबद्धताले धेरै हदसम्म अबका दिनमा बिग्रेको र लड्खडाएको भनिएको अर्थ व्यवस्थालाई ट्र्याकमा आउने छ र देश समृद्ध दिशातिर जाने छ भन्ने आशा र विश्वास लिन सकिन्छ ।

त्यस सिद्धान्त र प्रतिबद्धतामा उल्लेख भएका निम्न विषयहरू जस्तोः दिगो, फराकिलो एवम् समावेशी आर्थिक वृद्धि हासिल गर्ने, रोजगारीका अवसर बढाउने, सुशासन गर्ने, सेवा प्रवाहमा सुधार र स्रोत साधनको परिचालनमा प्रभावकारिता कायम गर्नेतर्फ परिलक्षित हुने, जनतामा राज्यप्रतिको भरोसा र भविष्यप्रति आशा जगाउनेतर्फ यो आर्थिक वर्ष बजेट आउने, अनुउत्पादक क्षेत्रमा खर्च कटौती एवम् साधरण खर्चमा मित्व्ययिता कायम गर्ने, उत्पादकत्व वृद्धि गर्ने र रोजगारी बढाउनेसाथै कृषि क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धि गरी आत्मनिर्भरतर्फ उन्मुख बनाउने कृषिको व्यावसायीकरण, यान्त्रिकीकरण गर्ने छ । गुणस्तरीय शिक्षा व्यवस्था, खाने पानी व्यवस्था गराउनेलगायतका जति विषयहरू छन्, यी विषयले चैं के देखिन्छ भने हाम्रो अर्थ व्यवस्था अबको बजेटमा सुधारउन्मुख हुन सक्छ भन्ने देखिन्छ । साथै अनावश्यक साधरण खर्चलाई निर्भरताका साथ कटौती गर्ने र विकास खर्चतर्फ सम्भव हुने जनताको जीवनमा प्रत्यक्ष सकारात्मक प्रभाव पार्ने आयातलाई निरुत्साहित गर्ने र निर्यातलाई प्रोत्साहन दिने अर्थतन्त्रको निर्माण र विकासको निर्माणको काम गर्न सके मात्र अहिलेको अर्थतन्त्रमा देखापरेका जटिलताबाट देशलाई बचाउन सकिन्छ भन्ने लाग्छ । यसका लागि हामी सबै रचनात्मक सहयोगको लागि आवश्यकताको पनि जरुरत छ । हवस् त, धन्यवाद । अरू अलिकति थियो, मैले त्यता प्रवेशै गरिन । हवस्, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय गोपाल भट्टराई । समय ६ मिनेट । त्यसपछि माननीय उदय बहादुर बोहरा ।

(१४:२५ बजे) **माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, आज देशको स्थिति हेर्दा सदनमा उठाउनुपर्ने विषयहरू अनगिन्ती छन् । कहाँबाट सुरु गर्ने र कहाँ गएर अन्त्य गर्ने भन्ने अवस्था छ । देशको आर्थिक अवस्था जटिल स्थितिमा पुऱ्याइएको छ । भ्रष्टाचारको अवस्था हेर्दा सबैतिर सुनिसक्नु छैन । सरकार बनेको ५ महिना भैसक्यो अहिलेसम्म पूर्णता पाएको छैन । प्रदेश सरकारको त कुरै छोडौं । कति मन्त्रालय बढाउने र भागभन्डा पुऱ्याउनेमै अड्किएको छ । भुटानी शरणार्थी प्रकरणमा समातिएकाहरूको अनुसन्धानमा प्रभाव पार्ने गरी सरकारी वकिलको कार्यालयले चार दिन भित्र अनुसन्धान सिध्याएर रिपोर्ट पेस गर । प्रहरीलाई पेस गर गर्ने कुरा गरेको छ । सार्वजनिक सञ्चार माध्यमबाट सुनिन्छ । त्यसको तीन दिनपछि अदालतले तीन दिनको म्याद थप्छ । यस्तो विरोधावास देखिन्छ । म्याद थप्छ । यसबाट के स्पष्ट हुन्छ भने । प्रहरीको अनुसन्धानलाई प्रभाव पार्ने र मुद्दा कमजोर बनाउने चलखेल भैरहेको त छैन । भन्ने आशङ्का भएको छ । यो मुद्दामा जो कोही दोषी होस् भए पनि उम्किनुहुँदैन ।

(१४:२७ बजे) **पुनः पीठासीन**:- सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

**माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- र निर्दोष व्यक्ति फस्नु पनि हुँदैन भन्ने हाम्रो धारणा हो ।

सम्माननीय अध्यक्षज्यू, स्वास्थ्यको क्षेत्रमा एउटा पूर्व सरकारले पाँचदेखि पन्ध्र शैयाको एक अस्पताल प्रत्येक पालिकामा बनाउने निर्णय गर्ने गरी अघिल्लो सरकारले ल्याएको योजनाको अवस्था के छ? यसको जानकारी गराइयोस् यो सदनमा हामीले जानकारी पाउनुपर्छ । अहिले स्वास्थ्यको अवस्था असाध्यै जटिल छ । आधारभूत तहका जनतालाई सिटामोलसम्म पनि सहज उपलब्ध छैन । हिजो मैले सीआईएनको साझा खबरको हेल्लो सीआईएनमा मुगु गमगढीबाट स्रोताले प्रश्न गर्नुभयो त्यहाँको अस्पतालमा औषधि अभावको समस्याबारे बताउनुभयो । त्यसैमा मन्त्रीज्यूलाई मिडियाले जोड्यो । त्यहीबाट सार्वजनिक खपतका लागि डाइरेक्टरलाई फोन गर्नुभो' मन्त्रीज्यूले फोन गर्नुभयो र के भएको हो बुझेर । व्यवस्था गर्न भन्नुभो' कुरा गमगढी अस्पतालको मात्रै होइन । यो प्रतिनिधिमूलक कुरा हो । पूरै देश खास गरेर आधारभूत तहका जनताको आम समस्या हो भन्ने कुरा बुझ्नुपर्यो । आवश्यक हो भन्ने कुरा बुझ्नुपर्यो नि । त्यसतर्फ कुनै ध्यान गएको देखिँदैन ।

अध्यक्ष महोदय, दुर्गम क्षेत्रको स्वास्थ्य र शिक्षाको अवस्था त्यस्तै नाजुक छ । प्रत्यायोजित व्यवस्थापन समितिमा म छु । त्यहाँ त्यो समितिबाट हामी कर्णालीका केही जिल्लाहरूमा कार्यक्रमहरू आयोजना गरेका थियौं । अन्य धेरै कुराहरू समितिको प्रतिवेदनमा आउने नै छ । त्यस क्षेत्रकै एउटा गौरवको आयोजना कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जसले त्यस क्षेत्रका जनतालाई राम्रो स्वास्थ्यको सेवा दिएको छ । स्वास्थ्यसम्बन्धी विभिन्न विधिमा अध्ययन अध्यापन गराएको छ । अघिल्लो वर्षदेखि एमबीबीएस कक्षा पनि सुरु गरेको छ । दोस्रो वर्षको समेत पढाइ सुरु भएको छ । बीपीएच, पीसीएललगायतका विभिन्न विधामा पढाइ भएको छ र अहिले त्यहाँबाट उत्तीर्ण पनि भैसकेको छन् । त्यहाँबाट उत्तीर्ण व्यक्तिहरू सेन्ट पर्सेन्ट रूपमा (थोरै समय मैले माग गरें अध्यक्ष महोदय ।) देशभरि ५२ पर्सेन्ट मात्रै उत्तीर्ण भएकोमा त्यहाँका सबै विद्यार्थीहरू सेन्ट पर्सेन्ट विद्यार्थीहरू उत्तीर्ण भएका छन् । सञ्चालनको लागि राज्यले ध्यान दिएको छैन । राम्रोसँग सञ्चालन भएको अवस्थामा पूर्वाधार छैन । त्यसतर्फ ध्यान गएको देखिँदैन । त्यहाँ राम्रोसँग सञ्चालन छ तर पूर्वाधारहरू छैन । त्यसतर्फ ध्यान गएको देखिँदैन ।

हामीले गेटा मेडिकल कलेजको कुरा सुनेकै छौं । गेटा मेडिकल कलेज न पूर्वाधार तयार भ'को छ । त्यसको योजना छैन । तर योजनाअगाडि बढिसकेको छ । काम भैरहेको छ । ती ठाउँहरूमा पूर्वाधार छैन र सञ्चालनको निम्ति कुनै त्यहाँ सञ्चालनका योजनाहरू पनि छैनन् । त्यहाँका अगुवाहरूले यसलाई कसरी बचाउने र अगाडि बढाउने भन्ने उहाँहरूको चिन्ता र चासो देखिएको यो योजनाबद्ध विकासको शिक्षा र स्वास्थ्यमा जनताको पहुँच पुग्न सक्ला यस्तो गरी? भन्ने मैले प्रश्न राखें । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय उदय बहादुर बोहरा । समय ७ मिनेट ।

(१४:३२ बजे) **<u>माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, जुन अहिले राष्ट्रिय रूपमा नक्कली भुटानी शरणार्थी प्रकरण, मुलुकमा व्यापक रूपले चर्चा, परिचर्चा भइरहेको छ । र सरकारले केही दोषीहरूलाई नियन्त्रणमा लिएर छानबिनसम्म गर्न सुरु गरेको छ । र मैले योभन्दा अगाडि पनि यहीं रोष्ट्रमबाट मैले निवेदन गरेको थिएँ कि भ्रष्टाचारीहरूलाई कारबाही गरियोस् भनेर । दुःखका साथ भन्नुपर्छ सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभामा त्यही कुरा बोलिन्छ, मिडियाले कभर गर्दैन । प्रतिनिधि सभामा एकदिनपछि त्यही कुरा बोलिन्छ, मिडियाले कभर गर्छ । यसमा मेरो

गुनासो छैन तर दुःख चैं पक्कै छ है । र मेरो म के निवेदन गर्न चाहन्छु भने यो प्रकरणमा जुन सरकारले छानबिन अगाडि बढाएको छ, एउटा असाध्यै खडेरीमा उम्रेको बिरुवालाई शीतको थोपाको जुन राहत हुन्छ, त्यो खालको राहत महसुस त पक्कै पनि भ'को छ । तर पनि यसलाई जारबाट पानी हाल्नेसम्मको सम्म सरकारले गरिदियो भने यो धेरै ठुलो उपलब्धि हुन्छ । मुलुकको लागि, राज्यको लागि र जनताले नहरै खनेर सिँचाइ गरिदियोस् भन्ने आशा गरेका छैनन् । जारबाट मात्रै सिँचाइ गरिदिए पनि पर्याप्त हुन्छ । त्यसो भ'को हुनाले मेरो के निवेदन छ भने भ्रष्टाचारीहरू जुन दोषी छन्, त्यो दोषीलाई सशक्त कारबाही होस् । निर्दोष त्यसमा नपरुन् । र यो जुन अहिले प्रकरणको लागि विभिन्न निकायहरूबाट, विभिन्न राजनीतिक दल, विद्यार्थी सङ्गठन, संघ सङ्गठन र अन्य जनवर्गीय सङ्गठनहरूबाट भ्रष्टाचार विरोधी जुन आन्दोलनहरू भइरहेका छन्, यसमा हाम्रोतर्फबाट ऐक्यबद्धता जाहेर गर्न चाहन्छु ।

र अध्यक्ष महोदय, म थोरै आफ्नो विषयवस्तुलाई प्रधानमन्त्री जुन रोजगारसँग जोडेर अघि बढाउन चाहन्छु । र वैदेशिक ऋणबाट उत्पादन वृद्धि र पुँजी निर्माण कार्यक्रम सञ्चालन हुनुपर्नेमा जुन हामीले बैङ्कबाट उत्पादन क्षेत्रमा खर्च गर्ने भनेर जुन हामीले ऋण लिएका छौं, जुन ऋण २०१९ मा प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि १ सय २० मिलियन अमेरिकी डलर विश्वबैङ्कबाट ऋण लिएको छ । जसको उद्देश्य देशभित्र रोजगारीका पर्याप्त अवसरहरू सिर्जना गर्ने, नम्बर १ । नम्बर २ः उपलब्ध जनशक्तिको उच्च उपयोग गर्दै मुलुकको आर्थिक विकासमा योगदान पुर्याउने, यसको उद्देश्य यो हो । हामीलाई थाहा छ यो कार्यक्रम संघले पनि सञ्चालन गरेको छ, प्रदेशले पनि सञ्चालन गरेको छ, स्थानीयमा पनि छ । र यसले उपलब्धि कति हासल गर्यो? यसबाट हामीले कति उपलब्ध प्राप्त गर्यौं? यो हामी सबैलाई जगजाहेर छ । सबै था' छ । छारो खेलाएर, धुलो खेलाएर आज यत्रो पैसा मिसयुज भा'को छ । यसले जुन उद्देश्यको लागि लिएको हो, त्यो उद्देश्यलाई यसले ट्र्याक गर्न सकेको छैन, त्यसलाई पक्रन सकेको छैन । त्यसो भ'को हुनाले यो कार्यक्रम ३ वर्षमा २०, १९ देखि यता ३ वर्षभित्र ५ अर्ब ८७ करोड ६५ लाख खर्च भइसक्या छ, ऋणबाट । यो ऋण कूल ऋणको ४३ प्रतिशत हो? र यो ऋणसहित सरकारको पनि त्यसमा लगानी छ, जो अहिलेसम्मको खर्च १३ अर्ब २ करोड ४२ लाख छ । खर्च भा' छ । यसको उपलब्धि के छ? अहिलेसम्म कसैले यसलाई यो उपलब्धि भयो भनेर भन्न सक्ने स्थिति छैन ।

त्यसो भ'को हुनाले यो कार्यक्रम सञ्चालन, म त के पनि तपाईंको निवेदन गर्न चाहन्छु भने यो खर्च कसरी भयो? जुन कार्यक्रमको मोडालिटी छैन, मोडालिटी अहिलेसम्म तयार भ'को छैन । जुन कार्यक्रमको खर्चको स्रोतको स्पष्ट खाका तयार छैन, आज यस्ता कार्यक्रमहरू जुन

छर्रो रूपमा दिएको छ, म निवेदन गर्न चाहन्छु सरकारलाई सम्माननीय अध्यक्षज्यूमार्फत यसलाई गम्भीरतापूर्वक लिइयोस् । र यसले यसको खास गरेर जुन रोजगारसम्बन्धी तथ्याङ्क सूचनामा त्यो सूचनाअनुसार अद्यावधिक जुन तथ्याङ्क अद्यावधिक गर्नुपर्ने हो, त्यो तथ्याङ्क अद्यावधिक पनि छैन । यो सूचना भरमा एउटा बाहिर आउँछ । त्यो सूचनामा के छ भन्नुहुन्छ भने २०८९ को सूचना प्रणालीअनुसार ७ लाख ८ हजार २ सय ४५ बेरोजगारमध्ये १ सय १ लाख ६३ हजार ७ सय ८ रोजगार पाएको भन्ने देखिन्छ । तर त्यो तथ्यसँग छैन, तथ्यसँग मेल खाँदैन । त्यसो भ'को हुनाले यो असाध्यै हामीले यसलाई गम्भीर हुन जरुरी छ ।

(र सम्माननीय अध्यक्षज्यू, १ मिनेट यहाँले दिनुहुन्छ भन्ने म अनुरोध गर्न चाहन्छु) । र यो ऋण ५ वर्षको अवधिमा विश्वबैङ्कको मात्र १३ अर्ब ६८ करोड ९६ लाख खर्च हुने देखिएको छ । र सोबमोजिम उपलब्धि हासिल नहुने देखिएको छ । र म अन्त्यमा के भन्न चाहन्छु भने यो राष्ट्रिय, यस्तो ऋण, यस्ता खाले ऋणहरू राष्ट्रिय आवश्यकता र प्राथमिकतामा केन्द्रित नभएकोले यस्ता खाले ऋण सहयोग राष्ट्र हितमा प्रयोग हुने गरी कार्य गर्न म सम्माननीय अध्यक्षज्यूमार्फत नेपाल सरकारलाई अनुरोध गर्न चाहन्छु र आह्वान गर्न चाहन्छु । धन्यवाद ।

**(१४:३९ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, संघीय संसदका महासचिव डाक्टर भरतराज गौतमलाई संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति कार्य सञ्चालन नियमावली, २०७५ संशोधन मस्यौदा समिति गठन सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देशको जानकारी गराउन समय उपलब्ध गराउँछु ।

**(१४:३९ बजे)** **<u>संघीय संसदका महासचिव डा. भरतराज गौतम</u>**:- सम्माननीय अध्यक्ष महोदय, संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति कार्य सञ्चालन नियमावली, २०७५ लाई समयानुकूल संशोधन गर्ने प्रयोजनका लागि मिति २०८० जेठ १ गते बसेको प्रतिनिधि सभाको बैठकबाट संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति कार्य सञ्चालन नियमावली संशोधन मस्यौदा समिति गठन गर्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भई उक्त समिति गठनसम्बन्धी देहायबमोजिमको प्रस्ताव संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति कार्य सञ्चालन नियमावली, २०७५ को नियम ४२ को उपनियम (३) बमोजिम प्रतिनिधि सभाबाट राष्ट्रिय सभामा प्राप्त हुन आएको बेहोरा सादर अनुरोध गर्दछु ।

प्रतिनिधि सभाबाट प्राप्त प्रस्तावको बेहोराः-

सम्माननीय सभामुखज्यू,

प्रतिनिधि सभा ।

संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ को नियम ४२ को उपनियम (३) बमोजिम उक्त नियमावलीलाई समयानुकूल संशोधन गर्न आवश्यक भएकोले यस सभाबाट देहायबमोजिम १६ जना माननीय सदस्यहरू रहनुभएको नियमावली मस्यौदा समिति गठन गर्न यो प्रस्ताव प्रस्तुत गरेको छु ।

**१. समितिको गठनः**

(१) यस प्रस्तावबमोजिम गठित समितिको नाम **"संघीय संसदको संयुक्त बैठक र संयुक्त समितिको (कार्य सञ्चालन) नियमावली संशोधन मस्यौदा समिति"** रहेको छ ।

(२) समितिमा देहायका बमोजिमका माननीय सदस्यहरू रहने छ ।

१. माननीय अनिता देवी
२. माननीय जीवन परियार
३. माननीय ध्रुव बहादुर प्रधान
४. माननीय नगिना यादव
५. माननीय पूर्णबहादुर घर्ती
६. माननीय महेश कुमार वर्तौला
७. माननीय मेटमणी चौधरी
८. माननीय रन्जु कुमारी झा
९. माननीय रमेश लेखक
१०. माननीय रामहरि खतिवडा
११. माननीय लिलानाथ श्रेष्ठ
१२. माननीय विद्या भट्टराई
१३. माननीय सरिता प्रसाई
१४. माननीय सुवास चन्द्र नेम्वाङ्ग
१५. माननीय सोबिता गौतम
१६. माननीय हितराज पाण्डे

**२. समितिको कार्यक्षेत्र**

संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ लाई समयानुकूल समसामयिक संशोधन गरी मस्यौदा तयार गर्ने र पारित गर्नेसम्मका अवस्थामा आइपर्ने सम्पूर्ण कार्यहरू गर्ने ।

**३. समितिको कार्यविधि**

१. प्रतिनिधि सभाको सभामुख र राष्ट्रिय सभाको अध्यक्षको सामान्य निर्देशनमा रही समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न सक्ने छ ।

२. समितिका सदस्यले आफूमध्येबाट एकजना सभापति चयन गर्ने छन् ।

३. समितिले आवश्यक देखेमा विशेषज्ञलगायत सम्बन्धित अन्य व्यक्तिको सहयोग लिन सक्ने छ ।

**४. समितिको कार्यावधिः** समितिको अवधि कार्य प्रारम्भ भएको मितिले ७ दिनको हुने छ ।

प्रस्तावकः माननीय देवेन्द्र पौडेल

समर्थक माननीय सदस्यहरूः माननीय ईश्वरी देवी न्यौपाने

माननीयः योगेश कुमार भट्टराई

मितिः २०८०/०२/०१

धन्यवाद ।

**(१४:४३ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म माननीय सदस्य गोपी बहादुर सार्की आछामीलाई प्रतिनिधि सभाबाट प्राप्त "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ संशोधन मस्यौदा समिति" मा राष्ट्रिय सभाका माननीय सदस्यहरूको मनोनयनसहित समिति गठनसम्बन्धी प्रस्तावको स्वीकृतिको प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु।

**(१४:४३ बजे)** **<u>माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले संघीय संसदको

संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ को नियम ४२ को उपनियम (३) बमोजिम उक्त नियमावलीलाई समयानुकुल संशोधन गर्न आवश्यक ठानी प्रतिनिधि सभामा "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ संशोधन मस्यौदा समिति गठन गरियोस्" भन्ने प्रस्ताव स्वीकृत भई राष्ट्रिय सभामा स्वीकृतिका लागि प्राप्त भएको सन्दर्भमा सोही नियमावलीको नियम ३२ को उपनियम (३) बमोजिम राष्ट्रिय सभाबाट उक्त मस्यौदा समितिमा देहायबमोजिमका माननीय सदस्यहरू मनोनयनसहित ऐजन नियमावलीको नियम ४२ को उपनियम (४) बमोजिम "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ संशोधन मस्यौदा समिति" गठनसम्बन्धी प्रस्तावको स्वीकृतिका लागि प्रस्ताव गर्दछु।

१. माननीय सदस्य अनिता देवकोटा

२. माननीय सदस्य गंगा कुमारी बेलबासे

३. माननीय सदस्य भैरव सुन्दर श्रेष्ठ

धन्यवाद ।

**(१४:४५ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरु, अब उक्त प्रस्तावका समर्थक माननीय सदस्य प्रकाश पन्थलाई उक्त प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु ।

**(१४:४५ बजे)** **<u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय सदस्य गोपी बहादुर सार्की आछामीले प्रतिनिधि सभाबाट प्राप्त "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ संशोधन मस्यौदा समिति" मा राष्ट्रिय सभाका माननीय सदस्यहरूको मनोनयनसहित समिति गठनसम्बन्धी प्रस्तावको स्वीकृतिका लागि प्रस्तुत गर्नुभएको प्रस्तावको म समर्थन गर्दछु। धन्यवाद।

**(१४:४६ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरु, उक्त प्रस्तावका अर्को समर्थक माननीय सदस्य दिल कुमारी रावल थापा (पार्वती) लाई उक्त प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु ।

(१४:४६ बजे) **मानननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय सदस्य गोपी बहादुर सार्की आछामीले प्रतिनिधि सभाबाट प्राप्त "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ संशोधन मस्यौदा समिति" मा राष्ट्रिय सभाका माननीय सदस्यहरूको मनोनयनसहित समिति गठनसम्बन्धी प्रस्तावको स्वीकृतिका लागि प्रस्तुत गर्नुभएको प्रस्तावको म समर्थन गर्दछु। धन्यवाद ।

(१४:४७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ संशोधन मस्यौदा समिति" मा राष्ट्रिय सभाका माननीय सदस्य अनिता देवकोटा, माननीय सदस्य गंगा कुमारी वेलबासे र माननीय सदस्य भैरव सुन्दर श्रेष्ठको मनोनयनसहित समिति गठनसम्बन्धी प्रस्तावको स्वीकृतिको प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ७९ बमोजिम अध्यादेश अस्वीकार गर्नेसम्बन्धी माननीय सदस्यहरूबाट कुनै पनि सूचना प्राप्त नभएकोले सोही नियमावलीको नियम ९२ को उपनियम (३) बमोजिम अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ्गको तर्फबाट माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीलाई "मुलुकी संहितसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८० स्वीकृत गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

(१४:४८ बजे) **माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री शरतसिंह भण्डारी**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "मुलुकी संहितसम्बन्धी केही नेपाल

ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८० स्वीकृत गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

(१४:४९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ्गको तर्फबाट माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले पेस गर्नुभएको "मुलुकी संहितसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८० स्वीकृत गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, "मुलुकी संहितसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८० स्वीकृत गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, नेपालको संविधानको धारा ११२ र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ११६ बमोजिम अब म माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहनबहादुर बस्नेतको तर्फबाट माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीलाई राष्ट्रिय सभामा विचाराधीन "कोभिड-१९ सङ्कट व्यवस्थापन विधेयक, २०७८ फिर्ता लिने अनुमतिको प्रस्ताव" प्रस्तुत गर्न अनुमति दिन्छु ।

(१४:५० बजे) **माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री शरतसिंह भण्डारी**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले विधायन व्यवस्थापन समितिमा विचाराधीन "कोभिड-१९ सङ्कट व्यवस्थापन विधेयक, २०७८ फिर्ता लिने अनुमतिको प्रस्ताव" सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**(१४:५० बजे) <u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, "कोभिड-१९ सङ्कट व्यवस्थापन विधेयक, २०७८ फिर्ता लिने अनुमतिको प्रस्ताव" सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहनबहादुर बस्नेतको तर्फबाट माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले पेस गर्नुभएको "कोभिड-१९ सङ्कट व्यवस्थापन विधेयक, २०७८ फिर्ता लिने अनुमतिको प्रस्ताव" स्वीकृत भएकोले राष्ट्रिय सभा नियमावली, २०७५ को ११६ को उपनियम (२) बमोजिम प्रतिवेदन सभामा पेस गर्न विधायन व्यवस्थापन समितिलाई निर्देशन गर्दछु ।

माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूबाट नेपाल सरकार मन्त्री परिषद्को सिफारिसमा नेपालको संविधानको धारा ९५ बमोजिम आज संवत् २०८० साल जेष्ठ ५ गते शुक्रवार अपराह्न ४ बजे संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन हुने बेहोरा जानकारी गराउँछु । तसर्थ, राष्ट्रिय सभाका माननीय सदस्यहरूलाई आज अपराह्न ३:४५ बजे भित्र नै प्रतिनिधि सभा बैठक कक्षमा प्रवेश गरी आ-आफ्नो आसन ग्रहन गरिसक्नुहुन अनुरोध गर्दछु । सबै माननीय सदस्यहरूका लागि निर्धारण गरिएको औपचारिक पोसाकमा उपस्थित भइदिनुहुनसमेत अनुरोध गर्दछु ।

माननीय सदस्यहरू, अब म संविधानसभा सदस्य पुरुषोत्तम बस्नेतको निधन भएकोमा निम्न लिखित शोक प्रस्ताव प्रस्तुत गर्दछु ।

संविधानसभा सदस्य पुरुषोत्तम बस्नेतको मिति २०८० साल वैशाख २९ गते ७८ वर्षको उमेरमा निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ । स्वर्गीय बस्नेत २०६४ सालको संविधानसभामा नेपाली काँग्रेस पार्टीको तर्फबाट सदस्य हुनुहुन्थ्यो । यो बैठक स्वर्गीय बस्नेतप्रति भावपूर्ण श्रद्धाञ्ली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ ।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्तावलाई पारित गरिदिनुहुन अनुरोध गर्दछु ।

(माननीय सदस्यहरूले हात उठाउनुभएको) ।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब संविधान सभा सदस्य पुरुषोत्तम बस्नेतको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गरौं ।

(मौनधारण) ।

धन्यवाद ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक आजै अपराह्न ६ बजेर १६ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक आजै अपराह्न ६ बजेर १६ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः १४:५४ बजे ।**